# आर्थिक वर्ष २०८१/८२ को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

२०८१, माघ

# आर्थिक वर्ष २०८१/८२ को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

(प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ बमोजिम तयार गरिएको **कोशी प्रदेश सरकारको** बजेट कार्यान्वयनको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८१)

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर

२०८१, माघ

# मन्तव्य

कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको अर्धवार्षिक प्रगतिको अवस्था, बजेट कार्यान्वयनका क्रममा देखापरेका समस्या र आर्थिक वर्षको बाँकी अवधिमा गर्नुपर्ने सुधारका काम लगायतका विषयहरु समावेश गरी यो अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। अर्धवार्षिक अवधिमा अन्य प्रदेशको तुलनामा कूल विनियोजित बजेटमध्ये प्रदेशको खर्चको प्रतिशत बढी रहेको छ। चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा आन्तरिक राजश्व तथा संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम लक्ष्य बमोजिम प्राप्त हुन नसकेको अवस्थामा स्रोत व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। सम्भावित राजश्वका क्षेत्रहरुको पहिचान गर्न आवश्यक सुधार गरी जिम्मेवार निकायहरुबीच प्रभावकारी समन्वय कायम राजश्व चुहावट नियन्त्रण र पारदर्शिता कायम गर्न जोड दिईनेछ।

आयोजना छनौट कार्यलाई व्यवस्थित बनाउनका लागि आयोजना बैङ्कलाई प्राथामिकतामा राखिएको छ। पूर्व तयारी नभएका एवं आर्थिक र प्राविधिक दृष्टिकोणले सम्भाव्य नदेखिएका प्रस्तावित आयोजनाहरुको पुनः प्राथामिकिकरण गर्नुपर्ने भएको छ। बहुवर्षीय तथा अनिवार्य दायित्व बजेटमा समावेश गरेर बाँकी रहने स्रोत मात्र नयाँ आयोजनामा विनियोजन गर्न, आयोजना बैंङ्कको प्रभावकारी कार्यान्वयन गरी दोहोरोपना हटाई व्यवस्थित गर्न र प्रदेशस्तर भन्दा साना आयोजनाहरु कम प्राथमिकतामा राख्न आवश्यक भएको छ।

आगामी दिनमा प्रशासनिक खर्च न्यूनीकरण गर्दै पूँजीगत खर्च बढाउन विशेष जोड दिईनेछ। बेरुजु फछ्र्यौट तथा न्यूनीकरण गर्दै आर्थिक अनुशासन कायम गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली र सार्वजनिक खर्च सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धिमूलक बनाईनेछ।

अन्त्यमा, आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनमा तीव्रता ल्याउन सम्बन्धित सबैलाई आग्रह गर्दै यो प्रतिवेदन तयार गर्न आवश्यक विवरण उपलब्ध गराउने सबै निकाय तथा प्रतिवेदन तयारीमा संलग्न हुने यस मन्त्रालयका सबै कर्मचारीप्रति आभार व्यक्त गर्न चाहन्छु।

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री

# विषय सूची


**कार्यकारी सारांश........१**

**परिच्छेद - एक प्रदेशको आर्थिक तथा वित्तीय स्थिति........३**

**परिच्छेद - दुई बजेट खर्च र स्रोत परिचालनको विश्लेषण........४**

२.१ कोशी प्रदेशको समग्र खर्च अवस्था........४

२.१.१ मन्त्रालयगत खर्च स्थिति........५

२.१.२ स्रोतगत खर्च विश्लेषण........५

२.२ राजस्व परिचालन तथा अनुदान प्राप्ति........६

२.२.१ राजस्व संकलन तथा अनुदान प्राप्तिको अवस्था........६

२.२.२ आन्तरिक आय तर्फ प्राप्तिको शीर्षकगत विवरण........७

**परिच्छेद- तीन स्थानीय तहमा वित्त हस्तान्तरणको विवरण........९**

**परिच्छेद- चार बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण........१०**

**परिच्छेद -पाँच समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान........११**

५.१ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान........११

५.२ आयको संशोधित अनुमानका आधारहरु........११

५.३ खर्चको संशोधित अनुमान........१२

५.४ खर्चको संशोधित अनुमानको आधार........१२

**परिच्छेद छ क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण........१३**

६.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय........१३

६.२. आन्तरिक मामिला तथा कानून मन्त्रालय........१४

६.३ आर्थिक मामिला तथा योजना मन्त्रालय........१४

६.४ उद्योग, कृषि तथा सहकारी मन्त्रालय........१५

६.५ पर्यटन, वन तथा वातावरण मन्त्रालय........१८

६.६ भौतिक पूर्वाधार विकास मन्त्रालय........१९

६.७ खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय........२०

६.८ सामाजिक विकास मन्त्रालय........२१

६.९ स्वास्थ्य मन्त्रालय........२३

**परिच्छेद- सात मुख्य समस्या एवम् आगामी दिनमा गर्नुपर्ने कार्यहरु........२५**

७.१ बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु........२५

७.२ बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्यहरु........२६

७.२.१ आगामी बजेट तर्जुमा सम्बन्धमा गर्नुपर्ने कार्यहरु........२६

७.२.२ बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आगामी दिनमा गर्नुपर्ने कार्यहरु........२७

७.२.३ स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्यहरु........२८

७.२.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालनाका लागि गर्नुपर्ने कार्यहरु........२८

७.२.५ सार्वजनिक खर्चलाई मितव्ययीता र प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरु........२९

**अनुसूची -१ २०८१ पौष मसान्तसम्मको मन्त्रालयगत चालु र पूँजीगत खर्चको विवरण........३१**

**अनुसूची -२ संघ समपूरक, विशेष र सशर्त अनुदान खर्चको स्थिति........३२**

# कार्यकारी सारांश

### बजेट खर्च र स्रोत परिचालनको स्थिति

कोशी प्रदेशको चालु आ.व.२०८१/८२ को कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेकोमा पहिलो अर्धवार्षिक अवधिमा कुल विनियोजनको २४.९ प्रतिशत अर्थात् रु.८ अर्ब ७६ करोड ८२ लाख खर्च भएको छ। गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा यस्तो खर्च २०.८ प्रतिशत (रु.७ अर्ब ६६ करोड ८० लाख) रहेको थियो। चालु आ.व.को अर्ध वार्षिक अवधिमा चालु, पुँजिगत र स्थानीय तह अनुदान तर्फ क्रमशः ३१.८, १५.५ र ३७.२ प्रतिशत खर्च भएको छ। चालु आ.व.को पौषमसान्तसम्ममा अधिकांश आयोजना/कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाइसकिएको छ। यस अवधिमा संघ सशर्त, समपुरक र विशेष अनुदानको १९ प्रतिशत खर्च भएको छ। पहिलो अर्धवार्षिक अवधिमा सातवटा प्रदेशमध्ये खर्च प्रतिशतको तुलनामा कोशी प्रदेशको खर्च सबै भन्दा बढी रहेको छ, भने खर्च रकमको हिसाबमा कोशी प्रदेश दोस्रोमा रहेको छ।

आ.व.२०८१/८२ पुष मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.६ अर्ब ७५ करोड **(वार्षिक लक्ष्यको ३८.८%)** राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.३ अर्ब ८९ करोड ६८ लाख **(वार्षिक लक्ष्यको २६.८%)** निकासा प्राप्त भएको छ। आ.व.२०८१/८२ को पुष मसान्तसम्म प्रदेश सञ्चितकोषमा राजस्व र अनुदान गरी जम्मा रु.१० अर्ब ६४ करोड ५१ लाख **(वार्षिक लक्ष्यको ३३.३%)** प्राप्ति भएको छ। प्रदेशको आन्तरिक राजस्व तर्फ समीक्षा अवधिमा रु.१ अर्ब ९५ करोड ७३ लाख अर्थात वार्षिक लक्ष्यको तुलनामा ३९.३ प्रतिशत प्राप्ति भएको छ। प्रदेशको आन्तरिक आयतर्फ गत वर्षको अर्धवार्षिक अवधिको तुलनामा २४.७ प्रतिशतले वृद्धि भएको छ।

### स्थानीय तहमा वित्तीय हस्तान्तरणको स्थिति

प्रदेश भित्रका स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त र समपुरक अनुदानको पहिलो/दोस्रो किस्ता वापत समिक्षा अवधिमा रु.१ अर्ब ७२ करोड ५२ लाख रकम सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा दाखिला हुने गरी निकासा गरिएको छ। यस्तै गरी आ.व.२०८१/८२ को पौष मसान्तसम्म संकलन भएको सवारी साधन कर मध्ये रु.४३ करोड ५७ लाख ७ हजार रकम कोशी प्रदेशका १३७ वटा स्थानीय तहलाई बाँडफाँट गरिएको छ। गत आ.व.२०८०/८१ को पुषसम्म सवारी साधन करको रु.३८ करोड ५२ लाख ६६ हजार रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिएको थियो।

### स्रोत तथा खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको बजेटको खर्च व्यहोर्ने स्रोत तर्फ राजस्व तथा अनुदान प्राप्तिको वार्षिक लक्ष्यको तुलनामा पौष मसान्तसम्मको प्राप्ति, गतआर्थिक वर्षको वार्षिक प्राप्तिको विश्लेषण र नेपाल सरकार अर्थ मन्त्रालयले प्रकाशन गरेको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनलाई समेत अध्ययन गरी आयतर्फ रु.३१ अर्ब ५८ करोड ९९ लाख अर्थात् वार्षिक बजेटको ८९.५ प्रतिशत प्राप्ति हुने संशोधित अनुमान गरिएको छ। सोही अनुसार खर्च तर्फ पनि संशोधित अनुमान गरिएको छ। आ.व.२०८१/८२ असार मसान्तसम्म विनियोजनको तुलनामा चालु खर्च ८४.७ प्रतिशत, पूँजीगत खर्च ९२.६ प्रतिशत र स्थानीय तह अनुदान तर्फ ९३.२ प्रतिशत निकासा वा खर्च हुने संशोधित अनुमान रहेको छ।

### बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

बजेट कार्यान्वयन कार्ययोजना अनुसार कार्यसम्पादन सम्झौता गरी निर्धारित समयमै कार्य सम्पन्न गर्ने प्रयास गरिएको छ। बजेट कार्यान्वयन मार्गदर्शन एवम् परिपत्र गरी बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन, प्रशासनिक खर्चलाई मितव्ययीता कायम गर्न पहल गरिएको छ। प्रदेश सरकार अन्तर्गतका सबै निकायहरुमा सरकारी सम्पत्ति

व्यवस्थापन प्रणाली (PAMS -V2) प्रयोगमा ल्याइएको छ। आयोजना छनौटलाई व्यवस्थित बनाउन र आयोजना बैंक व्यवस्थापन कार्यविधिमा परिमार्जन गर्न प्रदेश योजना आयोगसँगको समन्वयमा कार्य भईरहेको छ। ढुङ्गा गिट्टी वालुवा लगायतका प्राकृतिक स्रोत विक्री शुल्क संकलनमा सन्दर्भमा स्थानीय तहसँग छलफल गरिएको छ। प्रदेशका अन्य सरकारी कोषहरुको अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यदल गठन भई कार्य भईरहेको छ।
प्रदेशको आन्तरिक राजस्व अभिवृद्धि गर्न प्रदेश आर्थिक ऐन, २०८१ ले दिएका कर छुटका प्रावधानहरुको प्रचारप्रसार गरिएको छ। प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ लाई प्रतिस्थापन गर्ने गरी कर तथा गैरकर राजस्व सम्बन्धी विधेयक तर्जुमाको अवधारणापत्रमा सैद्धान्तिक सहमति प्राप्त भई विधेयक मस्यौदाको चरणमा रहेको छ। आयकर ऐन, २०५८ बमोजिम संकलन गरिने **कृषि आयकर** प्रदेश सञ्चित कोषमा दाखिला गरिदिने व्यवस्थाको लागि अनुरोध गरी नेपाल सरकार, अर्थ मन्त्रालय र अन्य सम्बन्धित निकायमा पत्र पठाइएको छ। उद्योग तथा वाणिज्य प्रशासन प्रणाली (ICAS) सञ्चालन गरी उद्योग तथा व्यापार दर्ता, नविकरण लगायतका दैनिक सेवाहरुलाई अनलाईन सफ्टवेयर मार्फत सेवा दिन थालिएको छ ।

**बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य**
आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचनाको प्रयोगलाई प्रभावकारी बनाउने, आवश्यकता, औचित्य, क्षेत्रीय र भौतिक सन्तुलन, प्राथमिकीकरणको आधारमा आयोजना छनौट कार्य तथा आयोजना बैक व्यवस्थापन प्रणालीको कार्यान्वयन गर्नुपर्ने, स्रोत सुनिश्चितता गरिएका बहुवर्षिय आयोजनाहरुलाई भुक्तानीमा स्रोत व्यवस्थापन गर्नुपर्ने, सरकारी सेवाको लागत विश्लेषण र खर्च प्रवाहको मापदण्ड बनाई लागू गर्नुपर्ने आदि तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यहरु रहेका छन् भने स्रोत व्यवस्थापन तर्फ आन्तरिक आयको थप क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने, संविधानमा भएको व्यवस्था र साझा अधिकार सूचिमा रहेका राजश्वका विषयमा स्पष्टता गर्ने, प्रदेशको स्रोत र दायित्व सृजनाको विश्लेषण गरी बहुवर्षिय आयोजनाको उचित व्यवस्थापन गर्न आवश्यक रहेको छ ।

# परिच्छेद - एक
# प्रदेशको आर्थिक तथा वित्तीय स्थिति

राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशको जनसंख्या ४९६१४१२ रहेको छ, जसमध्ये २४१७३२८ पुरुष र २५४४०८४ महिलाको संख्या रहेको छ। यस प्रदेशको लैङ्गिक अनुपात प्रति १०० जना महिलामा पुरुषको संख्या ९५.०२ रहेको छ।यस प्रदेशमा परिवार संख्या ११,९१,५५६ रहेको तथा जनघनत्व १९२ जना प्रति वर्ग किलो मिटर रहेको छ। त्यसै गरी नगरपालिकामा ६२.४ प्रतिशत जनसंख्या तथा गाउपालिकामा ३७.६ प्रतिशत जनसंख्या बसोबास गरेको पाइन्छ।

कोशी प्रदेशमा ठूला, मझौला र साना गरी कुल ८२ हजार ४ सय ९७ उद्योग दर्ता भएका छन् भने ९५ हजार ५ सय ४६ लघु, घरेलु तथा साना उद्योग दर्ता भएका छन्।

कोशी प्रदेशको कूल भू-भागको करिब ३१.९ प्रतिशत क्षेत्रफल खेती योग्य रहेको छ।यस प्रदेशको खेती योग्य जमिन मध्ये ८६.४ प्रतिशत मात्र खेती भइरहेको छ भने खेतीयोग्य तर बाँझो रहेको जग्गा करिब १३ प्रतिशत रहेको छ। यस प्रदेशमा मुख्य खाद्यान्न वालीहरु धान, मकै, गहुँ र कोदो उत्पादन हुन्छ भने नगदे वालीमा चिया, उखु, अलैची, अदुवा, आलु र तरकारी उत्पादन हुन्छ।यो प्रदेश खाद्यान्न उत्पादनका दृष्टिले आत्मनिर्भर रहेको छ। यस प्रदेशमा वनको क्षेत्रफल ४८.९६ प्रतिशत रहेको छ।कोशी प्रदेशमा राष्ट्रिय निकुञ्जहरु २ वटा, वन्यजन्तु आरक्ष १ वटा, र संरक्षण क्षेत्र १ वटा रहेका छन्।

प्राकृतिक, पुरातात्विक, ऐतिहासिक, साँस्कृतिक तथा धार्मिक दृष्टिबाट कोशी प्रदेश नेपालको मात्र नभई विश्वको एक प्रमुख पर्यटकीय गन्तव्य हो। विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत ८ हजार मिटरभन्दा अग्ला ५ वटा हिमाल यसै प्रदेशमा रहेका छन्। अरुण उपत्यका, तीनजुरे-मिल्के-जलजले क्षेत्र, कोशी टप्पु वन्यजन्तु आरक्ष, रेडपाण्डाको वासस्थान र चियाको राजधानी इलाम, बराहक्षेत्र, खुवालुङ, हलेसी र पाथिभारा लगायतका विभिन्न धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरु पर्यटनको प्रमुख गन्तव्यको रुपमा परिचित छन्।

प्रदेशका सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जाल संग जोडिएका छन। यस प्रदेशमा स्थानीय सडक संजाल १३ हजार १२९ कि. मि.मा विस्तार भएको छ भने यस आ.व.मा ५४ वटा झोलुङ्गे पुल, कालोपत्रे सडक २०६.४८२ कि.मि., ग्राभेल सडक २५९.३८९ कि.मि. निर्माण भएको छ। यस प्रदेशमा विमानस्थलसंख्या १५ वटा रहेकोमा १२ वटा नियमित सञ्चालनमा रहेका छन्। कोशी प्रदेशको कुल जनसंख्या मध्ये ९७ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच (वैकल्पिक उर्जा सहित) पुगेको छ।

नेपालको राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) रु.५७ खर्ब ४ अर्ब ८४ करोड रहेकोमा कोशी प्रदेशको योगदान १५.८ प्रतिशत रहेको छ। जस अनुसार यस प्रदेशको कुल गार्हस्थ उत्पादन (GDP) रु ९ खर्ब ३ अर्ब ५ करोड हुन आउँदछ। प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३३.२, उद्योग क्षेत्रको १५.९ प्रतिशत र सेवा क्षेत्रको ५०.९ प्रतिशत योगदान रहेको छ। प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ३.२१ प्रतिशत, प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३३६ अमेरिकी डलर रहेको छ।

कोशी प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। बैंक तथा वित्तीय संस्थाका शाखाहरु मध्ये "क" वर्गका ७५४, "ख" वर्गका १९५, "ग" वर्गका ३६ र "घ" वर्गका ८५२ गरी कोशी प्रदेश जिल्लाहरुमा १,८३७ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु रहेका छन्। २०८१ पुषसम्म कोशी प्रदेशमा बीमकका शाखा, उपशाखा र काउन्टरहरु जीवन बीमकका २९५, निर्जीवन बीमकका १६१ र लघु बीमकका ३१ वटा गरी जम्मा ४८७ वटा कार्यालय र १२८६ जना कर्मचारीहरु कार्यरत रहेका छन्।

# परिच्छेद - दुई
# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ कोशी प्रदेशको समग्र खर्च अवस्था

चालु आर्थिक वर्ष २०८१/८२ का लागि कोशी प्रदेशको विनियोजित बजेट रु.३५ अर्ब २७ करोड ९३लाख मध्ये अर्धवार्षिक अवधिमा रु.८ अर्ब ७६ करोड ८२ लाख खर्च भएको छ। यो खर्च कुल विनियोजनको तुलनामा २४.९ प्रतिशत हो। गत आर्थिक वर्ष २०७९/८० को यसै अवधिमा जम्मा रु.७ अर्ब ६६ करोड ८० लाख अर्थात कुल विनियोजनको २०.८ प्रतिशत खर्च भएको थियो। गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा चालु तथा पुँजीगत तर्फ क्रमशः ३०.६ र १३.४ प्रतिशत खर्च भएकोमा चालु आर्थिक वर्षमा चालु तथा पुँजीगत तर्फ क्रमशः ३१.८ र १५.५ प्रतिशत बजेट खर्च भएको छ। आर्थिक वर्ष २०८१/८२ को पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण तालिका-१ मा प्रस्तुत गरिएको छ।


**तालिका १ - पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण**

(रकम रु. लाखमा)

| बजेट | आ.व. २०८०/८१ | | | आ.व. २०८१/८२ | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | अर्धवार्षिक खर्च | प्रतिशत | वार्षिक विनियोजन | अर्धबार्षिक खर्च | प्रतिशत | |
| चालु खर्च | १२६८११ | ३८८१३ | ३०.६ | १४१००४ | ४४८४५ | ३१.८ | १५.५ |
| पूँजीगत खर्च | २०३८५१ | २७३२२ | १३.४ | १६५२४४ | २५५८५ | १५.५ | -६.४ |
| वित्तीय व्यवस्था | १०० | ०.०० | - | २०० | - | | |
| स्थानीय तह अनुदान | ३६६७३ | १०५४५ | २८.७ | ४६३४५ | १७२५२ | ३७.२ | ६३.६ |
| **जम्मा खर्च** | ३६७४३५ | ७६६८० | २०.८ | ३५२७९३ | ८७६८२ | २४.९ | १४.३ |
| *गत आ.व.को बचत संघ अनुदान फिर्ता | | १५६०७ | | १९६८८ | | | |

*संघ सशर्त, समपूरक र विशेष अनुदानको खर्च नभएको रकम संघीय सञ्चित कोषमा फिर्ता गरिएको खर्च माथिको तालिकामा चालु खर्चमा समावेश रहेको छ। *स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

**चार्टः-१ पहिलो अर्धवार्षिक अवधिको खर्चको तुलनात्मक अवस्था रु.लाखमा**



### २.१.१ मन्त्रालयगत खर्च स्थिति

प्रदेशका सबै मन्त्रालय/निकायको वार्षिक विनियोजन र अर्ध वार्षिक खर्चको विवरण तालिका-२ मा प्रस्तुत गरिएको छ ।

**तालिका -२ पौष मसान्तसम्मको मन्त्रालयगत खर्चको तुलनात्मक विवरण**

(रकम रु. लाखमा)

| मन्त्रालय /निकाय | गत आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | बजेट विनियोजन | पौषसम्म को खर्च | प्रतिशत | बजेट विनियोजन | पौषसम्म को खर्च | प्रतिशत |
| कोशी प्रदेश सभा | २५२५ | ९१९ | ३६.४ | २४५८ | ९०३ | ३६.८ |
| प्रदेश लोक सेवा आयोग | ८८० | ३४२ | ३८.९ | ९६५ | ४५६ | ४७.२ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २४० | ६६ | २७.४ | २१३ | ९९ | ४६.७ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५८४९ | ४६४ | ७.९ | ३७६१ | ९५८ | २५.५ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | २१८७० | १५६६८ | ७१.६ | ३५३२५ | २०२२७ | ५७.३ |
| उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २२२५३ | ३४८४ | १५.६ | २१०२४ | ४२२० | २०.१ |
| खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५६२१७ | १०३९१ | १८.५ | ४३४१५ | ८३६४ | १९.३ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ८७५८ | १२५८ | १४.४ | १३२०१ | १४८७ | ११.३ |
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | २६७९६ | ४५१९ | १६.८ | २३८२२ | ५१८० | २१.८ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १२६४९८ | १७५०२ | १३.८ | १०३९५२ | १७७५७ | १७.१ |
| सामाजिक विकास मन्त्रालय | १४१९३ | ३८७१ | २७.३ | १२६३२ | २५२९ | २०.० |
| स्वास्थ्य मन्त्रालय | ३२५१२ | ७५७७ | २३.३ | ३३७७५ | ८१२४ | २४.१ |
| प्रदेश योजना आयोग | ४५२ | ७३ | १६.२ | ५१८ | १२५ | २४.१ |
| अर्थ - विविध | ११७१८ | | | ११३८७ | - | - |
| स्थानीय तह अनुदान | ३६६७३ | १०५४५ | २८.७ | ४६३४५ | १७२५२ | ३७.२ |
| **जम्मा** | **३६७४३५** | **७६६८०** | **२०.८** | **३५२७९३** | **८७६८२** | **२४.९** |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय*

गत आ.व.को अर्धवार्षिक अवधिमा साविकका मन्त्रालयहरुको प्रगति विवरण अनुसार तुलनात्मक रुपमा माथिको तालिकामा विवरण प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक अवधिमा खर्चको विवरण अनुसार जम्मा विनियोजन मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्च बढी देखिनुमा गत बर्षको बचत संघ अनुदान फिर्ता खर्चले गर्दा हो। भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्चमा केही वृद्धि भएको छ। निर्माणाधिन कार्यको केही रकम भुक्तानी पहिलो तथा दोश्रो चौमासिकमा हुने र अधिकांश भुक्तानी तेश्रो चौमासिकमा हुने भएकोले, नगदमा आधारित लेखा प्रणाली अनुसार खर्च जनाइसकेपछि मात्र वित्तीय प्रगति देखिने हुँदा आगामी दिनमा प्रगति बढदै जाने अनुमान गरिएको छ ।

### २.१.२ स्रोतगत खर्च विश्लेषण

बजेट वक्तव्य र रातो किताबमा समावेश भएको खर्च व्यहोर्ने स्रोतमा प्रदेश सरकार स्रोत अन्तरगत स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत प्रदेशको आन्तरिक राजस्व, संघबाट बाँडफाँट भई प्रास हुने राजस्व र

नगद मौज्दातको रकम रहेको छ। चालु आर्थिक वर्षको स्रोतगत खर्चको विवरण तालिका-३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३- चालु आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक अवधिको स्रोतगत खर्चको विवरण

(रकम रु. लाखमा)

| खर्च व्यहोर्ने स्रोत | बजेट विनियोजन | पुषसम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| प्रदेश सरकार | २०६३०८ | ६०५०६ | २९.३% |
| वित्तीय समानीकरण अनुदान | ८९४३२ | १६४१७ | १८.४% |
| सशर्त अनुदान | ४१६४३ | ७९२५ | १९.०% |
| विशेष अनुदान | ७८०१ | ११७४ | १५.०% |
| समपूरक अनुदान | ६५५० | १६६० | २५.३% |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | १०५९ | ० | - |
| **जम्मा** | **३५२७९३** | ८७६८२ | २४.९% |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

चालु आर्थिक वर्षको समिक्षा अवधिमा प्रदेश सरकार स्रोततर्फको विनियोजन मध्ये रु.६ अर्ब ५करोड ६ लाख अर्थात विनियोजनको २९.३ प्रतिशत खर्च भएको छ। संघ सरकारबाट प्राप्त बिशेष अनुदान, समपुरक अनुदान, सशर्त अनुदानको जम्मा रु.५ अर्ब ५९ करोड ९४ लाख विनियोजन मध्ये अर्धवार्षिक अवधिमा १ अर्ब ७ करोड ६० लाख (१९.० प्रतिशत) खर्च भएको छ। यो प्रगति प्रतिशत औषतमा प्रदेश सरकार स्रोतको उपयोग भन्दा कम रहेकाले शर्त सहित आयोजना/कार्यक्रम तोकिएर आउने र खर्च नभए फिर्ता गर्नुपर्ने संघ समपुरक, विशेष र सशर्त अनुदानको अधिकतम उपयोग गर्न यी अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजान आवश्यक रहेको छ।

## २.२ राजस्व परिचालन तथा अनुदान प्राप्ति

### २.२.१ राजस्व संकलन तथा अनुदान प्राप्तिको अवस्था

आ.व.२०८१/८२ को अर्धवार्षिक अवधिमा प्रदेशको जम्मा आय रु.१३ अर्ब ८९ करोड ५० लाख प्राप्ति भएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको समीक्षा अवधिको स्रोत परिचालनको विवरण तालिका ४ मा समावेश गरिएको छ ।

**तालिका ४-पौष मसान्तसम्मको स्रोत परिचालनको तुलनात्मक विवरण**

(रकम रु.लाखमा)

| स्रोत | गत आ.व. २०८०/८१ | | | चालु आ.व. २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रगति | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रगति |
| संघीय राजस्व बाँडफाँट (VAT, अन्तःशुल्क र रोयल्टी) | ११६४८१ | ३५९९७ | **३०.९%** | १२४००८ | ४७९१० | **३८.६%** |
| आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | ४५७७८ | १५६९२ | **३४.३%** | ४९८०० | १९५७३ | **३९.३%** |
| वित्तीय समानीकरण अनुदान | ८७८३८ | ४३९१९ | **५०.०%** | ८९४३२ | २२३५८ | **२५.०%** |
| सशर्त अनुदान | ५८४३२ | ३३२२१ | **५६.८%** | ४१६४३ | ११८७३ | **२८.५%** |
| समपूरक अनुदान | ७३०० | २४०९ | **३३.०%** | ६५५० | २१६२ | **३३.०%** |
| विशेष अनुदान | ७६०० | २५०८ | **३३.०%** | ७८०१ | २५७४ | **३३.०%** |
| **राजस्व र अनुदानको जम्मा** | **३२३४२९** | **१३३७४६** | ४१.४% | **३१९२३४** | **१०६४५०** | **३३.३%** |

| स्रोत | गत आ.व. २०८०/८१ | | | चालु आ.व. २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रगति | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रगति |
| नगद मौज्दात/अनुदान बचत | ४२५०१ | ४२५०१ | १००.०% | ३२५०० | ३२५०० | १००.०% |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | १५०५ | - | - | १०५९ | - | - |
| **कुल जम्मा** | **३६७४३५** | **१७६२४७** | **४८.०%** | **३५२७९३** | **१३८९५०** | **३९.४%** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा प्रदेशको राजस्वमा वृद्धि भएको छ। संघ वित्तीय समानीकरण अनुदानमा भने गत वर्ष पुषसम्म ५० प्रतिशत प्राप्त भईसकेकोमा चालु आ.व.को पुषसम्म पहिलो किस्ताको २५ प्रतिशतमात्र प्राप्त भएको हुँदा अनुमान कमी देखिएको छ। यसैगरी संघ सशर्त र समपूरक अनुदानको बजेट रकम गत वर्षको भन्दा चालु वर्षमा लक्ष्य नै कमी रहेको र नगद मौज्दातको रकम समेत कमी भएको हुँदा प्रदेशको समग्र आयमा कमी देखिएको हो।

### २.२.२ आन्तरिक आय तर्फ प्राप्तिको शीर्षकगत विवरण

प्रदेश सरकार अन्तरगतका निकायहरुबाट संकलन हुने, मालपोत कार्यालयबाट संकलन भई बाँडफाँट हुने र स्थानीय तहबाट बाँडफाँट भई प्राप्ति हुने समेत प्रदेशको आन्तरिक आयतर्फ राजस्व संकलनको शीर्षकगत विवरण तालिका-५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५- प्रदेशको आन्तरिक आयतर्फ प्राप्तिको शीर्षकगत विवरण**


(रकम रु. लाखमा)

| राजस्व शीर्षक | गत आ.व. २०८०/८१ पुषसम्मको प्राप्ति | चालु आ.व.२०८१/८२ को | | | गत वर्ष पुषसम्मको तुलनामा वृद्धि |
|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य | पुषसम्मको प्राप्ति | प्रगति | |
| सवारी साधन कर | ५७७९ | १४१०० | ६५३६ | ४६.४% | १३.१% |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | ३१३२ | १४५०० | ४०२८ | २७.८% | २८.६% |
| चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी | २९३० | ९५०० | ३१५३ | ३३.२% | ७.६% |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३७१ | ९०० | ४५१ | ५०.१% | २१.६% |
| अनुदान/निकासा फिर्ता, बेरुजु | २२०५ | ४९९० | २६६८ | ५३.५% | २१.०% |
| स्थानीय तहबाट प्राप्त राजस्व | ५६८ | ३०७० | ९४४ | ३०.७% | ६६.२% |
| विविध शुल्क/ अन्य राजस्व | ७०७ | २७४० | १७९३ | ६५.४% | १५३.६% |
| जम्मा | १५६९२ | ४९८०० | १९५७३ | ३९.३% | २४.७% |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

माथिको तालिका-५ को विवरण अनुसार आन्तरिक आयतर्फ वार्षिक लक्ष्यको तुलनामा ३९.३ प्रतिशत संकलन भएको छ। चालु आ.व.को अर्धवार्षिक अवधिमा प्रदेशको आन्तरिक आय गत आर्थिक वर्षको भन्दा रु.३८ करोड ७१ लाख ( अर्थात् २४.७ प्रतिशत) ले वृद्धि भएको छ। घर जग्गा रजिष्ट्रेशन शुल्क र सवारी साधन कर संकलनमा गत वर्षको तुलनामा केही बृद्धि भएको छ। प्रचलित कानून बमोजिम स्थानीय तहमा संकलन भई प्रदेशमा बाँडफाँड हुनुपर्ने प्राकृतिक स्रोत बिक्री शुल्क, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क वापत प्रदेशले प्राप्त गर्नुपर्ने रकम सबै स्थानीय तहबाट बाँडफाँड भई प्राप्त नभएको भए तापनि यी शीर्षकहरुमा गत वर्षको तुलनामा केही राजश्व बृद्धि भएको छ।

चार्ट-२: आन्तरिक राजस्व सङ्कलनको तुलनात्मक स्थिति (रु.लाखमा)



# परिच्छेद -तीन
# स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

## ३.१ स्थानीय तहलाई वित्तीय हस्तान्तरण

आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक अवधिमा स्थानीय तहलाई वित्तीय हस्तान्तरणको अवस्था तालिका-६ मा प्रस्तुत गरिएको छ ।

*तालिका ६- स्थानीय तहलाई अनुदान हस्तान्तरणको विवरण*

(रकम रु. लाखमा)

| विवरण | आ.व.२०८१/८२ को विनियोजन | २०८१ पौष सम्मको निकासा | प्रतिशत |
|---|---|---|---|
| २६३३१-वित्तीय समानीकरण अनुदान | १०००० | ४२२६ | ४२.३% |
| २६३३२-सशर्त अनुदान | २१४४६ | ९११४ | ४२.५% |
| २६३३४-समपूरक अनुदान | १४८९९ | ३९१२ | २६.३% |
| **जम्मा** | **४६३४५** | **१७२५२** | **३६.८%** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

आ.व. २०८१/८२ को लागि स्थानीय तहमा तीनवटा अनुदान प्रदान गर्न विनियोजित रु.४ अर्ब ६३ करोड ४५ लाख मध्ये रकम पौष मसान्तसम्म जम्मा रु.१ अर्ब ७२ करोड ५० लाख रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिएको छ। बाँकी किस्ता निकासा गर्नका लागि स्थानीय तहले खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा पेश गर्नुपर्ने हुन्छ। सबै स्थानीय तहबाट समयमै खर्चको प्रतिवेदन प्राप्त नहुँदा अनुदान निकासामा समस्या हुने गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सुत्र र आधार बमोजिम वित्तीय समानीकरण अनुदान सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरिन्छ। तोकिएको आयोजना/कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार अन्तर्गतका मन्त्रालयबाट स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गरिएको छ। कुल लागतको बढीमा ६५ प्रतिशतसम्म प्रदेश सरकारको र बाँकी स्थानीय तहको लागत साझेदारीमा सञ्चालन गरिने पूर्वाधार निर्माण सम्बन्धी आयोजनामा समपुरक अनुदान प्रदान गर्ने कानूनी प्रावधान रहेको छ। वित्तीय समानीकरण, सशर्त अनुदान र समपुरक अनुदानको रकम निकासा गर्ने व्यवस्था कोशी प्रदेश विनियोजन ऐन, २०८१, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ र प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन सहित) कार्यान्वयनमा रहेको छ।

## ३.२ सवारी साधन कर बाँडफाँट

प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको सवारी साधन कर संकलन एवम् प्रशासन प्रदेश सरकारबाट भइरहेको छ। प्रदेश सरकार अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने सवारी साधन कर प्रदेशलाई ६० प्रतिशत र स्थानीय तहलाई ४० प्रतिशत बाँडफाँड गर्ने प्रावधान रहेको छ। यस्तै गरी आ.व.२०८१/८२ को पौष मसान्तसम्म सङ्कलन भएको सवारी साधन कर मध्ये रु.४३ करोड ५७ लाख ७ हजार रकम कोशी प्रदेशका १३७ वटा स्थानीय तहलाई बाँडफाँट गरिएको छ। गत आ.व.२०८०/८१ को पुषसम्म सवारी साधन करको रु.३८ करोड ५२ लाख ६६ हजार रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिएको थियो।

# परिच्छेद- चार
## बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण

संघबाट हस्तान्तरण भएका आयोजनाहरु र विगत आर्थिक वर्षहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयहरुबाट सञ्चालित बहुवर्षीय आयोजनाहरुको बाँकी दायित्व रु.१६ अर्ब १९ करोड १७ लाख रहेको देखिन्छ। थप विवरण देहायअनुसार रहेको छ।

**तालिका -७ बहुवर्षीय आयोजनाको दायित्व सम्बन्धी विवरण**

(रकम रु.लाखमा)

| मन्त्रालयको नाम | कुल सम्झौता रकम | गत आ.व.२०८०/८१ सम्मको भुक्तानी रकम | बाँकी रकम |
|---|---|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४७२ | १३९ | ३३३ |
| खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय | १८६७४ | १०१५८ | ८५१६ |
| पर्यटन वन तथा वातावरण मन्त्रालय | १४९८२ | ४६४६ | १०३३६ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ३५४७२५ | २११९९३ | १४२७३२ |
| **जम्मा** | **३८,८८,५३** | **२२,६९,३६** | **१६,१९,१७** |
| *स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय (एकीकृत आर्थिक विवरण २०८०/८१)* | | | |

निर्माणाधीन अवस्थामा रहेका बहुवर्षीय आयोजनाहरुको लागि रु.१० अर्ब  करोड ८१ लाखको दायित्व सरेको देखिन्छ भने चालु आ.व.२०८१/८२ मा रु.२ अर्ब ८७ करोड १६ लाख विनियोजन रहेको छ। बाँकी दायित्वको २७.३ प्रतिशत मात्र विनियोजन रहेको देखिन्छ। बहुवर्षीय ठेक्का लागेका आयोजनाको भुक्तानी गर्न चालु आ.व.मा रु.४ अर्ब ९५ करोड ८३ लाख थप रकम आवश्यक पर्ने विवरण प्राप्त भएको छ।

**तालिका -८ बहुवर्षीय आयोजनाको दायित्व सम्बन्धी आयोजनागत विवरण**

(रकम रु.लाखमा)

| बहुवर्षीय आयोजना (निर्माणाधीन मात्र) | कुल सम्झौता रकम | गत आ.व. २०८०/८१ सम्मको भुक्तानी | बाँकी दायित्व | चालु आ.व. २०८१/८२ को विनियोजन | चालु आ.व.मा थप आवश्यक पर्ने रकम | आगामी आ.व.मा आवश्यक पर्ने रकम |
|---|---|---|---|---|---|---|
| सडक तथा पुल तर्फ | १८७१४६ | १०३७५९ | ८३३८७ | २०२९८ | ४३९३१ | ३४०७६ |
| शहरी विकास तथा भवन तर्फ | २१२७८ | ६९१५ | १४३६३ | ५७३१ | ४६९६ | ३९६६ |
| खानेपानी तथा सिंचाई तर्फ | १२४४० | ६००९ | ६४३१ | १०८७ | ९५६ | २१४५ |
| पर्यटन विकास आयोजना तर्फ | ४६७२ | ३५१६ | ११५६ | १६०० | ० | ० |
| **कुल जम्मा** | **२२५५३६** | **१२०१९९** | **१०५३३७** | **२८७१६** | **४९५८३** | **४०१८७** |

*स्रोतः सम्बन्धित मन्त्रालय, कोशी प्रदेश।*

# परिच्छेद -पाँच
# समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान

## ५.१ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको बजेटको खर्च व्यहोर्ने स्रोत तर्फ राजस्व तथा अनुदान प्राप्तिको वार्षिक लक्ष्यको तुलनामा पौष मसान्तसम्मको प्राप्ति, गतआर्थिक वर्षको वार्षिक प्राप्तिको विश्लेषण र नेपाल सरकार अर्थ मन्त्रालयले प्रकाशन गरेको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनलाई समेत अध्ययन गरी आयतर्फ रु.३१ अर्ब ५८ करोड ९९ लाख अर्थात् वार्षिक बजेटको ८९.५ प्रतिशत प्राप्ति हुने संशोधित अनुमान गरिएको छ। चालु आर्थिक वर्षको आयको संशोधित अनुमान तालिका-९ मा प्रस्तुत गरिएको छ।

**तालिका ९-प्रदेशको स्रोत परिचालनको संशोधित अनुमान विवरण**

(रकम रु. लाखमा)

| आय शीर्षक | गत आ.व.२०८०/८१ को प्राप्ति | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य | संशोधित अनुमान | अनुपात |
| संघीय राजस्व बाँडफाँट | ९२५५३ | १२४००८ | १०७५२५ | ८६.७% |
| प्रदेशको आन्तरिक राजस्व | ४१६४२ | ४९८०० | ४४७५० | ८९.९% |
| वित्तीय समानीकरण अनुदान | ६५०९७ | ८९४३२ | ७८२५३ | ८७.५% |
| सशर्त अनुदान | ५५३४७ | ४१६४३ | ३८५२० | ९२.५% |
| समपूरक अनुदान | ७३०० | ६५५० | ६५५० | १००.०% |
| विशेष अनुदान | ७६०० | ७८०१ | ७८०१ | १००.०% |
| नगद मौज्दात | ५१९७६ | ३२५०० | ३२५०० | १००.०% |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | १०३७ | १०५९ | - | - |
| **जम्मा** | **३२२५५१** | **३५२७९३** | **३१५८९९** | **८९.५%** |

## ५.२ आयको संशोधित अनुमानका आधारहरु

आन्तरिक राजस्व तर्फ चालु आ.व.को अर्धवार्षिक अवधिमा रु.१ अर्ब ९५ करोड ७३ लाख प्राप्त भएको र गत आर्थिक वर्षको वार्षिक प्राप्तिलाई समेत आधार मानी संशोधित अनुमान तयार गरिएको छ। संघबाट प्रदेशलाई प्राप्त हुने वित्तीय समानीकरण अनुदान तर्फ आ.व.२०७९/८० मा रु.१ अर्ब १२ करोड ६० लाख (१२.५ प्रतिशत) कटौती भएको र आ.व.२०८०/८१ मा रु.२ अर्ब २७ करोड ४१ लाख (२५.९ प्रतिशत) कटौती भएको थियो। संघ अर्थ मन्त्रालयबाट प्रकाशित बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनमा अनिवार्य दायित्व बाहेकको चालु खर्चतर्फ बाँकी रकमको २५ प्रतिशत कटौती गर्नुपर्ने सुझावमा उल्लेख रहेको हुँदा चालु आ.व.मा पनि समानीकरण अनुदान कटौती हुनसक्ने देखिएको हुँदा सोही अनुसार संशोधित अनुमान तयार गरिएको छ। संघ समपूरक र विशेष अनुदानको लागि विगत आर्थिक वर्षमा पनि तोकिएको रकम पुर्ण प्राप्ति भईरहेको हँदा चालु आ.व.मा पनि शतप्रतिशत प्राप्त हुने अनुमान गरिएको छ। सशर्त अनुदान अन्तरगत वैदेशिक स्रोत तर्फ कतिपयको निकासा रोक्का हुने वा शोधभर्नाको प्रक्रियामा जाने हुँदा सबै प्राप्ति नहुने भएकोले लक्ष्यभन्दा कम प्राप्ति हुने अनुमान गरिएको छ। राजस्व बाँडफाँट (मुल्य अभिवृद्धि कर र आन्तरिक अन्त शुल्क) तर्फ चालु आथिक वर्षको अर्धवार्षिक अवधि सम्मको प्राप्ति, गत आर्थिक वर्षको वार्षिक प्राप्तिलाई समेत आधार मानी संशोधित अनुमान तयार गरिएको छ।

## ५.३ खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेट मध्ये असार मसान्तसम्म जम्मा रु.३१ अर्ब ५८ करोड ९९ लाख अर्थात् विनियोजनको ८९.५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ। चालु आर्थिक वर्षको खर्चको संशोधित अनुमान तालिका-९ मा प्रस्तुत गरिएको छ।

**तालिका १०- आ.व.२०८१/८२ को खर्चको संशोधित अनुमान**

(रकम रु. लाखमा)

| खर्चको प्रकृति | बजेट विनियोजन | खर्चको संशोधित अनुमान | प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | १४१००४ | ११९४६० | ८४.७ |
| पूँजीगत खर्च | १६५२४४ | १५३०३२ | ९२.६ |
| वित्तीय व्यवस्था | २०० | २०० | १००.० |
| स्थानीय तह अनुदान | ४६३४५ | ४३२०७ | ९३.२ |
| **जम्मा** | **३५२७९३** | **३१५८९९** | **८९.५** |

## ५.४ खर्चको संशोधित अनुमानको आधार

खर्चको संशोधित अनुमान तयार गर्दा चालु खर्चमा कृषि क्षेत्रको अनुदान तथा कार्यक्रम, शिक्षा तर्फ विश्वविद्यालय, प्राविधिक शिक्षा एवम् विद्यालयलाई अनुदान, सामाजिक विकास, वन तथा वातावरण संरक्षण, सीप विकास तथा तालिम जस्ता विभिन्न क्षेत्रका कार्यक्रमका लागि चालु खर्चमा विनियोजन रहेको हुँदा र प्रशासनिक खर्चमा वृद्धि भए अनुसार चालु तर्फको संशोधित अनुमान तयार गरिएको छ। पूँजीगत खर्च तर्फ बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्न विनियोजित बजेटले अपुग हुने आयोजनालाई स्रोत व्यवस्थापन गर्नुपर्ने हुँदा बजेट समर्पण पश्चात् बचत रकम अपुग हुने पूँजीगत तर्फ खर्च गरिने भएकोले सोही अनुसार संशोधित अनुमान तयार गरिएको छ। संघ सशर्त, समपूरक र विशेष अनुदान स्रोत रहेको बजेट अधिकांश खर्च गर्ने लक्ष्य राखिएको छ।

२०८१ असोजमा आएको बर्षको कारण आएको बाढी, पहिरोबाट क्षति भएका संरचनाको मर्मत सम्भार र पुनःनिर्माणका लागि अनिवार्य दायित्व बाहेक चालु खर्च तर्फको १० प्रतिशत बजेट कटौती गर्ने प्रदेश सरकार (म.प.)को २०८१/०७/०७ को निर्णय अनुसार हालसम्म प्रदेशका मन्त्रालयहरुबाट बजेट समर्पण भई आएको रु.३२ करोड रकम मर्मसम्भार तथा पुननिर्माण कोषमा जम्मा गर्न पठाइएको छ। विपद्बाट क्षतिग्रस्त खानेपानी, सिंचाई, सडक पुल जस्ता संरचनाहरुको मर्मत तथा पुनःनिर्माण गर्न थप दायित्व सृजना भएको हुँदा सोको व्यवस्थापन गर्नु पर्ने देखिन्छ। विभिन्न कार्यमा विनियोजित बजेटले अपुग भई थप बजेट माग हुने अवस्था रहेको छ। संघ सशर्त, समपूरक र विशेष अनुदानको खर्च नभई बचत रकम चालु आर्थिक वर्षको असारमसान्तभित्रै संघिय सञ्चित कोषमा फिर्ता गरिसक्नु पर्ने संघीय विनियोजन ऐनमा व्यवस्था रहेको हुँदा अनुदान फिर्तामा विनियोजन रहेको रु.३ अर्ब रकम समेत खर्च निकासा हुने भएकोले सोही अनुसार खर्चको संशोधित अनुमान तयार गरिएको छ।

# परिच्छेद छ
# क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

प्रदेश मन्त्रालय तथा निकायहरुबाट प्राप्त विवरण बमोजिम चालु आ.व.२०८१/८२ को अर्धवार्षिक समीक्षा अवधिमा हासिल भएका क्षेत्रगत उपलब्धिहरु देहाय अनुसार रहेका छन् ।

## ६.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### क. नीति तथा कानूनी सुधार

१. नीति/कार्यक्रम कार्ययोजना तयार गरी सोहीबमोजिम कार्यान्वयन गरिएको,

२. प्रदेश निजामती सेवा ऐन, २०७९ मा दोस्रो संशोधन,२०८१,

३. प्रदेश निजामती सेवा नियमावली, २०८१

४. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) नियमावलीको मसौदा

५. जनतासँग कोशी प्रदेश सरकार कार्यक्रम सञ्चालन कार्यविधि,२०८१

६. कोशी प्रदेश गुनासो व्यवस्थापन निर्देशिका,२०८१

७. आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा

८. मन्त्रिपरिषद्का सदस्यहरुको आचारसंहिता,२०८१

### ख. संरचनात्मक सुधार

१. विभिन्न निकायको संक्षिप्त संगठन संरचना तथा दरवन्दी स्वीकृत

२. संघीयता कार्यान्वयन तथा प्रदेश कानून निर्माण सम्बन्धी अध्ययन कार्यदल गठन,

३. प्रदेश लगानी सम्मेलन, २०८१ को सचिवालय स्थापना,

विद्युतीय गुनासो व्यवस्थापन कक्ष (Hello CM) स्थापना

### ग. नवप्रवर्तनात्मक कार्यहरु (निरन्तरता)

१. प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को प्रयोगलाई अनिवार्य वनाउँदै लगिएको,

२. डिजिटल प्रदेशको अवधारणामा रहेको सेवाग्राहीमैत्री, सेवाप्रवाहमैत्री सफ्टवेरहरु जडान गरी कार्यान्वयन भई रहेको,

३. प्रदेश सरकारको वेभ साइटमा एकरुपका लागि सूचना प्रविधि विभागको सहयोगमा एकीकृत सरकारी वेभ साइट व्यवस्थापन प्रणाली (GIWMS) लागू गर्ने कार्य भईरहको,

४. प्रदेश तहको PIS अध्यावधिक भई रहेको,

५. प्रदेश लगानी प्राधिकरणबाट विभिन्न परियोजनाहरुको कार्य अघि बढाइएको आदि।

## ६.२. आन्तरिक मामिला तथा कानून मन्त्रालय

मुख्य-मुख्य आयोजना/कार्यक्रमको प्रगति विवरण (बजेट वक्तव्यका बुँदाका आधारमा)

| आयोजना/कार्यक्रम (बुँदा नं. सहित) | कार्यक्रम | हालसम्मको उपलब्धि |
|---|---|---|
| १४२. यातायात कार्यालयहरुको सेवालाई डिजिटलाइजेशन गरी सेवाग्राहीले अनलाईनवाटै राजस्व भुक्तानी लगायतको सुविधा उपयोग गर्न सक्ने र सवारी यातायात अभिलेख प्रणालीलाई विधुतीय माध्यमवाटै व्यवस्थापन गरिनेछ। सवारी चालक अनुमती पत्र छपाई र वितरण प्रदेश तहबाटै हुने व्यवस्था मिलाइने छ। यातायात क्षेत्रको सञ्चालन तथा व्यवस्थापनका लागि रु.२० करोड विनियोजन गरिएको छ। | सवारी चालक अनुमती पत्र छपाई र वितरण प्रदेश तहबाटै गर्ने। (१० करोड) | नेपाल सरकारले नागरिक एपमा भएको सवारी चालक अनुमतिपत्रलाई मान्यता दिएकोले हाललाई अस्थायी सवारी चालक अनुमतिपत्र दिने व्यवस्था गरिएको र स्मार्ट कार्ड छपाईको लागि मेसिन र कार्ड खरिदको प्रक्रिया स्थगित गरिएको। |
| | सार्वजनिक यातायातमा डिजिटलाइजेसन प्रवर्द्धन (५० लाख) | सरोकारवालाहरुसँग छलफल गरी डिजीटलाईजेशन गर्ने मोडालिटी तयार हुँदै गरेको। |
| | प्रतिक्षालय सुधार नमुना कार्यक्रम (५० लाख) | स्थान पहिचान, समन्वय तथा प्रारम्भिक छलफलको कार्यक्रम अगाडि बढेको। |

हालसम्मका प्रमुख उपलब्धिहरु

| | | |
|---|---|---|
| १. | **बुढीगंगा ट्रक पार्किङ स्थल संरचना निर्माण लाभ साझेदारी कार्यक्रम** | **प्रदेश सरकारबाट कार्यविधि स्वीकृत भएको।<br>भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी तयारी गरिएको।** |
| २. | प्रकोप जोखिम क्षेत्रको विद्युतीय नक्साङ्कन निर्माण | हाम्रो कन्सल्टेन्सी सेवा, फिदिम-२, पाँचथरसँग सम्झौता भई ११ जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको र नक्शांकनको कार्य भईरहेको। |
| ३. | प्रदेश विपद् पार्श्वचित्र निर्माण | गाउँले कन्सल्टेन्सी सेवा, विराटनगर-३,सँग सम्झौता भई ११ जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको र पार्श्वचित्र निर्माणको कार्य भईरहेको। |
| ४. | विपद् खोज तथा उद्धार कार्यमा खटिने सशष्त्र प्रहरी/ नेपाल प्रहरीको लागि आवश्यक सामाग्री तथा उपकरण खरिद | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका लागि विपद् सामाग्री खरीद गर्न तत् तत् निकायबाट आएको माग बमोजिम स्पेसिफिकेशन र लागत अनुमान तयार गरी टेन्डर प्रक्रियामा जाने तयारी गरिएको। |

## ६.३ आर्थिक मामिला तथा योजना मन्त्रालय

**आर्थिक मामिला तथा योजना मन्त्रालयबाट अर्धवार्षिक अवधिमा सम्पादित मुख्य कार्यहरु**

- बजेटको वार्षिक, अर्धवार्षिक र त्रैमासिक प्रगति समीक्षा सम्पन्न भएको।
- आयोजना बैंक व्यस्थापन कार्यविधि मस्यौदा तयार गरी आयोगमा पठाइएको,

- कानून तर्जुमा/संशोधनः- ३ वटा स्वीकृत, २ वटा विधेयक तर्जुमाको तयारी, २ वटा ऐन संशोधनको तयारी,
- बजेट कार्यान्वयनमा सहजीकरण/रकमान्तर गरिएको।
- आर्थिक दायित्व पर्ने विषयमा र कानून तर्जुमाको लागि राय तथा सहमति प्रदान गरिएको।
- ढुङ्गा, गिट्टी, वालुवा विक्री सम्बन्धी छलफल गरिएको।
- मर्मतसम्भार तथा पुनःनिर्माण कोषमा रकम व्यवस्थाको कार्य।
- रिक्त दरबन्दी लोक सेवा माग, तहवृद्धि र पदमिलान, सरुवा/पदस्थापनको कार्य।
- एकीकृत वित्तीय विवरण प्रकाशन, आ.ले.प.को एकीकृत प्रतिवेदनमा समीक्षा।
- एकीकृत वेवसाइटमा आवद्धता, डिजिटल हस्ताक्षरको प्रयोग
- अन्य नियमित कार्यहरु, त्रैमासिक स्वतः प्रकाशन, आर्थिक बुलेटिन आदि।

## ६.४ उद्योग, कृषि तथा सहकारी मन्त्रालय

### हालसम्मका सञ्चालित कार्यक्रम र प्रमुख उपलब्धिहरु

- विद्यालयका विद्यार्थीसंग कृषि शिक्षा कार्यक्रम तर्फ ५९वटा विद्यालयमा संचालित कार्यक्रमबाट १४०१ जना विद्यार्थीहरुमा रासायनिक विषादीको नकारात्मक असर, दिगो माटो व्यवस्थापन, कौसी खेती, व्यवसायिक तरकारी खेती, बालीको रोग कीरा व्यवस्थापन, उन्नत बीउ बिजन आदि जस्ता विषयमा प्रचार प्रसार गरिएको छ ।
- विषादी रहित खाना सम्बन्धी सचेतनाका लागि आमा समुह परिचालन कार्यक्रम अन्तर्गत ५९ वटा आमा समुहमा ६४० जना महिलाहरुलाई रासायनिक विषादीको नकारात्मक पक्षहरुबारे जानकारी गराइ दैनिक खानपानमा स्थानीय रैथाने बालीहरुको महत्वबारे सचेतना फैलाएको।
- जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रमबाट ३० वटा किसान समूहमा संचालित कार्यक्रमहरुबाट ६५५ जना कृषकहरुमा जैविक तथा वानस्पतिक विषादीको महत्व र उपयोगिता सम्बन्धी जानकार भई प्राङ्गारिक खेती तर्फ उन्मुख भएका ।
- सुन्तलाजात बँगैचा व्यवस्थापन एवं सुदृढीकरण कार्यक्रम अन्तर्गत १२ स्थानमा कार्यक्रम संचालन भई २६७ जना कृषकहरुको सुन्तला जात फलफूलको २५ हे. पुरानो बगैंचा व्यवस्थापनमा सहयोग गरिएको छ ।
- प्लान्ट क्लिनिक कार्यक्रम अन्तर्गत ३१ वटा बाली उपचार शिविर संचालन भई ११७३ जना कृषकहरुको २१४५ वटा रोग कीरा तथा खाद्यतत्वको कमी सम्बन्धीका विभिन्न बालीहरुको नमुनाहरु विश्लेषण गरी सोको व्यवस्थापन सम्बन्धी प्राविधिक सल्लाह तथा जैविक विषादीहरु वितरण गरिएको छ ।

- माटो नमूना परिक्षण विश्लेषण अन्तरगत ३०८ माटोको नमुनाहरु विश्श्लेषण माटो परीक्षणको नतिजाको आधारमा माटो स्वस्थता प्रमाण पत्र (Soil Health Card) उपलब्ध गराई माटो सुधारको उपायहरु सुझाईएको छ ।
- बीउ विजन परीक्षण प्रयोगशालाबाट २३४ वटा नमुनाहरु तरिकाले परिक्षण मार्फत १६६ मे.टन बीउ प्रमाणीकरण गरि बीउको गुणस्तर नियन्त्रणमा सहयोग पुर्याईएको छ।
- स्थलगत घुम्ती कृषक तालिम तर्फ ७३ वटा स्थलगत तालिम संचालन भई १०९१ जना कृषकहरु लाभान्वित भई व्यावसायिक तरकारी खेती, च्याउ, मौरीपालन आदिमा प्राविधिक जानकारी उपलब्ध गराईएको ।
- १९ वटा जिल्ला स्तरीय तालिम  तालिमबाट २५७ जना कृषकहरु लाभान्वित भई व्यावसायिक तरकारी, फलफूल, च्याउ र पुष्प खेती  खेतीतर्फ उन्मुख हुने ।कृषि तालिम केन्द्रबाट ३ वटा ब्यवसायिक फलफूल तरकारी र २ वटा च्याउ उत्पादन सम्बन्धि तालिमहरु मार्फत १७८ जना ब्यवसायिक कृषकहरभेटेरिनरी अस्पतालन तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट १४३,९६८ पशुपन्छीहरुको उपचार भई पशु स्वास्थ्य सेवा उपलब्ध गराईएको ।३००७ वटा कुकुर र विरालोहरुमा रेविज रोग विरुद्ध खोप लगाईएको ।
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुका प्रयोगशालाहरुमा ११८११ वटा पशुहरुको गोवर परिक्षण, रगत परिक्षण, दुध परिक्षण मार्फत रोग पहिचान गरी उपचार सिफारिस गरिएको।
- यस अवधिमा ६९,७६१ वटा गाई, भैसी ४६०४ र बाख्रा ६०९ गरी जम्मा ७४,९७४ वटा पशुहरुमा उन्नत नश्लको सिमेनबाट **कृत्तिम गर्भाधान गरिए**को यसबाट उन्नत नश्लका पशुहरुको उत्पादनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।
- महामारी जन्य रोगवाट रोकथाम गर्न यस अर्धवार्षिक अवधिमा ४५९, ४०६ पशुलाई खोरेत, पि.पि.आर., स्वाइन फिवर, रानिखेत, लम्पी स्कीन रोग विरुद्द खोप लगाइएको।
- पशु सेवा विज्ञ केन्द्रहरुबाट ८ स्थानमा एकिकृत घुम्ती पशु स्वास्थ्य सेवा कार्यक्रम सम्पन्न भएको, २०४ वटा व्यवासायिक पशु फार्महरुमा ११०१८ वटा गाई/ भैसीं/ भेडा/ बाख्र/ चौरीहरुको परिक्षण गरी उपचार गरिएको।
- पशु सेवा उपचार नपुगेका क्षेत्रमा ७ वटा शिविर सन्चालन गरी  ११३३७ वटा पशुहरुमा परजिवि नियन्त्रण/ बाँझोपन निवारणको उपचार गरी औषधि वितरण गरिएको।
- ७५ वटा व्यवसायिक पशु फार्महरुमा थुनेलो रोग नियन्त्रणका उपायहरुबारे स्थलगत रुपमा जानकारी उपलब्ध गराई नियन्त्रणका लागि औषधी वितरण गरिएको ।
- 6 वटा जिल्लामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुको स्थापना गरिएको ।
- चालु आ.ब.को बजेट कार्यान्वयनका लागि आवश्यक कार्यवधि, मापदण्ड तयारी तथा ऐन, नियम संशोधन।

- प्रदेशमा जीवनाशक विषादीको प्रयोगलाई नियमन र ब्यवस्थापन गर्न प्रदेश जीवनाशक बिषादी व्यवस्थापन विधेयकको मसौदा तयार गरी प्रदेश सभामा छलफल पश्चात स्वीकृतीको क्रममा रहेको छ।
- प्रदेशमा बीउ बिजन प्रयोगलाई नियमन र ब्यवस्थापन गर्न प्रदेश बीउ विजन विधेयकको मसौदा तयार गरी प्रदेश सभामा छलफल पश्चात स्वीकृतीको क्रममा रहेको छ ।
- प्राङ्गारीक मलको प्रयोगमा अनुदान उपलब्ध गराउन ८ वटा आपुर्तिकर्ता छनोटको प्रक्रिया सम्पन्न गरी संझौता गरिएको ।
- स्थानीय तहहरुमा सशर्त अनुदानमा सन्चालित कार्यक्रमहरुको मार्गदर्शन सहित मिति २०८१।०५।१२ गते कार्यान्विनयका लागि पठाईएको। प्राय सबै स्थानीय तहहरुबाट कार्यान्वयन प्रक्रिया अघि बढेको जानकारी प्राप्त भएको छ ।
- कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान ब्यवस्थापन कार्यविधि, २०८१स्वीकृत गरी बैंक/वित्तिय संस्था /सहकारी संस्था लक्षित गरी सूचना आब्हान गरिएकोमा
  - ८ बैंकले ४४० करोड कृषि कर्जा परिचालन गर्ने निवेदन दिएको
  - ३ वित्तिय संस्थाले ४५४ करोड कृषि कर्जा परिचालन गर्ने निवेदन दिएको
  - २१ वटा सहकारी संस्थाले ७३ करोड कृषि कर्जा परिचालन गर्ने निवेदन दिएको
- सहकारीमा बचत कर्ताहरुको बचत रकम लाई व्यवस्थीत गर्न र सहकारीको नियमन गर्न सहज बनाउन सहकारी संस्थामा एप्लीकेशन सफ्टवेयर प्रयोग सम्बन्धी कार्यविधि स्वीकृत गरी कार्यन्वयनमा ल्याएको र हाल सम्म उक्त सफ्टवेरमा १७ वटा कम्पनी सुचिकृत भई १३०० वटा सहकारीले प्रयोग सुरुवात गरेका छन ।
- प्रदेशमा रहेका संकट उन्मुख सहकारी संस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरी वचतकर्ताको बचतलाई सुरक्षित गर्न विद्यमान प्रदेश सहकारी ऐनमा रहेको समस्याग्रस्त सहकारी समस्या समाधान समितिको संरचना संसोधन गरी मिति २०८१।०९।२६ गते समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय स्थापना गरी कार्य प्रारम्भ गरेको छ।

**उद्योग वाणिज्य तथा सहकारी क्षेत्र**

- **वृद्धिमुखी** उद्यमशीलता तथा रोजगार प्रर्वद्धन कार्यक्रम कार्यविधि २०८१ स्वीकृत गरी कोशि प्रदेश का ५ ओटा स्थानीय तह मा उद्यमशीलता तथा रोजगार प्रवर्द्धन शुरुवात गरिएको छ।
- प्रविधि सहयोगका लागि १४ वटा घरेलु तथा साना उद्योग कार्यालयहरुबाट सूचना प्रवाह भै कुल २२९२ वटा निवेदन प्राप्त भई फिल्ड अनुगमन कार्य भै रहेको छ ।
- अर्धबार्षिक अवधिमा उद्यमशिलता विकास तालिम, उद्यम विकास तथा रोजगार तालिम, युवा उद्यमशिलता तथा औधोगिक जनशक्ति विकास जस्ता ६० वटा तालिम सञ्चालन

भई ६१८ महिला र ४४७ पुरुष गरी जम्मा १०५६ लाई सीपमुलक तालिम उपलब्ध गराईएको छ।

- यस अवधिमा ६९१ वटा उद्योग, ७७४ वटा **ब्यापारिक फर्महरुको अनुगमन** गरिएको छ ।
- औद्योगिक मेला सहयोग कार्यक्रमबाट ४ वटा मेला महोत्सवका लागि सहयोग उपलब्ध गराईएको छ।
- मन्त्रालय र सहकारी रजिस्ट्रार कार्यालयबाट ८५ वटा सहकारीको नियमित र ९ वटाको सघन अनुगमन गरिएको ।५ वटा सहकारीको छानवीन परामर्श उपलब्ध गराई एउटा सहकारी समस्याग्रस्त घोषणा गरिएको छ ।
- सहकारी रजिस्ट्रार कार्यालयबाट ५ जना विज्ञबाट सेवा लिई १२ वटा सहकारीलाई मुद्धा दर्ताका लागी प्रहरी समक्ष सिफारिस गरिएको छ ।
- 
- आगामी आ.ब.मा स्थानीय तहबाट आफै सम्पन्न गर्ने गरि पेश भएका कार्यक्रमहरु सशर्तमा राख्ने कि ?

### ६.५ पर्यटन, वन तथा वातावरण मन्त्रालय

### वजेट वक्तव्यका प्रमुख उपलब्धिहरु


| वक्तव्यको बुँदा नं. | बजेट विनियोजन भएको क्षेत्र | अर्धवार्षिक प्रगति |
|---|---|---|
| १२३ | पदमार्गमा आधारित पर्यटन विकास | – मा. मुख्यमन्त्रीज्यूको अध्यक्षतामा TTDP कार्यक्रम launch भएको<br>– Project steering committee को पहिलो बैठकबाट चालु आ.व. को लागी YPO स्वीकृत भएको<br>– १७ वटा स्थानिय तहहरुमा PIC गठन भएको<br>– Trail Users and Construction Committee (TUCC)१० वटा गठन भएको<br>– लालिगुराँस बाहेक अन्ग ३ पदमार्गहरुमा १७० कि.मी. Walk Over Survey सम्पन्न भएको। |
| १२४ | कोशी प्रदेशभरका प्राकृर्तक, साँस्कृतिक, धार्मकि पर्यावरणीय, साहसीक पयटकीय क्षेरहरुको विकास एवं प्रवर्धन | – चतरामा भएको कुम्भ मेलामा अस्थायी कल्पकुटी निर्माण तथा विराटनगरको रथ यात्राको लागि रथ निर्माणमा सहयोग तथा सहजिकरण गरिएको |
| १२५ | वहुवर्षिय योजना सम्बधमा | – संसारीमाई स्थान, मुसाफिरखाना र मत्स्यगन्धा फनी पार्क सम्पन्न हुने चरणमा रहेको |
| १२६ | कोशी प्रदेश पर्यटन वर्ष २०८२ | – मूल आयोजक समितिको बैठक सम्पन्न र यस आ.व. को कार्यक्रमहरु तयार भई स्वीकृतिको क्रममा रहेको |

| | | |
|---|---|---|
| १२७ | दिवस महोत्सव | – सगरमाथा दिवस मे २९ र लालीगुराँस महोत्सव २०८१ चैतमा सम्पन्न गरीने, ३ वटा रैथाने खाना महोत्सव पर्यटन कार्यालयहरुवाट सम्पन्न भएको |
| १२९ | वन-पैदावारको उत्पादकत्वमा वृद्धि | – जिल्ला वन पैदावार आपुर्ति समितिबाट ९०९७.६३ क्यु.फिट काठ वितरण भएको तथा नेपाल वन निगम लिमिटेडलाई ८९९७.५८ क्यु.फिट.काठ वितरण भएको ।<br>– वन पैदावार, गैरकाष्ठ वन पैदावार, वनक्षेत्रको जग्गा अन्य प्रयोजन वापत, प्रदेश सेवा शूल्क र अन्य बाट गरी जम्मा – रु. ९,५०,८७,८८९.९ राजश्व संकलन भएको।<br>– मु.अ.क. जम्मा रु ३३,१३,०९,४९०.६ संकलन भएको। |
| १३१ | मानव वन्यजन्तु द्वन्द व्यवस्थापन | – झापाबाट ५९ लाख ४७ हजार, मोरङबाट ५ लाख ५६ हजार, सुनसरिबाट ४० हजार, वन निर्देशनालयबाट ३० लाख गरी कुल ९५ लाख ४३ हजार, राहत रकम वितरण भएको<br>– लाभान्वित झापाः ५०८, वन निर्देशनालयः ३९, सुनसरीः ४, मोरङः२६, कुल जम्मा ५७७ जना । |
| १३२/ १३३/ १३४ | व्यवस्थित जलाधार समृद्धिको आधार/भू-क्षय र पहिरो नियन्त्रण, पानी मुहान संरक्षण, आवश्यक भू-संरक्षण, जलवायु परिवर्तन सम्बन्धमा | – ५ वटा आकस्मिक भू-संरक्षण कार्यक्रम सम्पन्न गरिएको ।<br>– जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम ६ वटा,<br>– वायो इन्जि. खोला किनारा संरक्षण ७ कि.मि. ,<br>– एकिकृत भूस्खलन नियन्त्रण ६ स्थानमा ।<br>– सिमसार/पोखरी जलाधार व्यवस्थापन ३ स्थानमा ,<br>– एकिकृत सुख्खा क्षेत्र व्यवस्थापन ६ स्थानमा |

## ६.६ भौतिक पूर्वाधार विकास मन्त्रालय

### हालसम्मका प्रमुख उपलब्धिहरु

- सडक मर्मत सम्भार दिग्दर्शन, २०८१
- सडक हेरालु राख्ने व्यवस्थाको थालनी
- प्रदेशिक सडक सूची जारी भएको।
- RCIP का ५ आयोजना ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेको
- स्थलगत अनुगमन गरी रुग्ण आयोजनामा सार्वजनिक सुनुवाई को थालनी हाल सम्म ४ वटा आयोजनामा सार्वजनिक सुनुवाई सम्पन्न
- झोलुङ्गे पुल सार्न(मोटरेवल पुल वनिसकेको स्थानमा झोलुङ्गे पुलको औचित्य नरहेको अवस्थाको) रेकर्ड संकलन भैरहेको ।
- सडक तथा अन्य आयोजनाको प्रगति अवस्था तलको चार्टमा उल्लेख गरिएको छ।




### ६.७ खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय

बजेट वक्तव्यमा उल्लेख कार्यक्रमको कार्यान्वयन अवस्था

| बजेट हुँदा नं. | आयोजना / कार्यक्रम | हालसम्मको उपलब्धि |
|---|---|---|
| ७७, ८१-८७, ९१ | प्रदेश बैकल्पिक तथा नविकरणिय उर्जा विकास कार्यक्रम | ५ वटा ठेक्का सम्झौता, ४ वटा मुल्यांकनको चरणमा |
| ८८, ८९ | प्रदेश खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यक्रम | १५०७ योजना, ६३१ सम्झौता, ६ सम्पन्न |
| ७२-७६, ७८ | प्रदेश जलस्रोत तथा सिंचाई विकास व्यवस्थापन कार्यक्रम | ९४४ योजना, ४११ सम्झौता, ४७ सम्प्पन |
| ७९ | प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम | ४२४ योजना, १८६ सम्झौता, ६० सम्पन्न |
| ८० | साना सिंचाई कार्यक्रम | ३३२ योजना, २५७ सम्झौता, १३ सम्पन्न |

- यस मन्त्रालय अन्तर्गतको कार्यक्षेत्र पर्ने सिंचाई, खानेपानी तथा ऊर्जा क्षेत्रमा मर्मत सम्भार तथा पुनर्निर्माण कोष सञ्चालन कार्यविधि, २०८१ बमोजिम प्रक्रिया पुगेका सिंचाई डिभिजन तर्फ ८ वटा तथा खानेपानी डिभिजन तर्फ १ वटा गरी जम्मा ९ वटा डिभिजन कार्यालयहरुको बाढी पहिरोबाट भएको क्षतिको विवरण संकलन गरी आन्तरिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको।
- प्रदेश आयोजना बैंकमा प्रविष्ट गर्नुपर्ने आयोजना प्रविष्ट गरिएको।
- बहु बर्षीय ठेक्का सहमतिको लागि प्रक्रिया पुगेका योजनाहरु प्रदेश योजना आयोगमा पेश गरिएको ।
- खानेपानी तथा सरसफाई विधयक २०८१ मन्त्रिपरिषद्बाट स्वीकृत भई प्रदेश सभामा पेश भएको।
- प्रदेश सिंचाई नियमावली २०८१ स्वीकृत भएको (२०८१/०७/०७)
- प्रदेश नविकरनिय ऊर्जा नीति, २०८१ स्वीकृत भएको (२०८१/०६/०८)

- सुख्खा राहत स्यालो ट्युबवेल सिंचाई विशेष कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१ स्वीकृत
- भूमिगत जल सिंचाई कार्यन्वयन कार्यविधि, २०८१ स्वीकृतिको लागि पेश भएको
- ऊर्जा र खानेपानीको क्षेत्रमा मन्त्रालय मार्फत संचालन गर्नुपने कार्यक्रमको लागि ४ वटा मार्गदर्शन स्वीकृत भएको
- मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली २०८१/०६/२१ मा स्वीकृत गरी मन्त्रालय तथा मातहतका डिभिजन कार्यालयहरुमा लागू गरिएको।

**मन्त्रालय तथा मातहत निकायले गरेको असल अभ्यासका विवरण**

- बजेट कार्यान्वयन मार्गदर्शन स्वीकृत गरी आयोजना कार्यान्वयन गर्ने गरिएको।
- आन्तरिक नियन्त्रणका सूचक तयार गरी मातहतका कार्यालयको अनुगमन तथा सूपेरीवेक्षण गर्ने गरिएको।
- पुराना जिर्ण खानेपानी आयोजना खानेपानी संस्थानलाई हस्तानान्तरणको प्रक्रिया शुरु गरिएको।
- ऊर्जा क्षेत्रमा नविनतम कार्यको सुरुवात गरिएको। जस्तै प्रादेशिक अस्पताल भद्रपुरमा ग्रिड कनेक्टेड रुफटप सोलार जडान कार्य, क्यानल टप सोलार कार्य, कन्काइ घाटमा विद्युतिय शवदाह गृहको निर्माण।
- सुख्या क्षेत्र राहतको लागि स्यालो टयूबेल सिंचाई कार्यक्रमको सुरुवात गरीएको।

## ६.८ सामाजिक विकास मन्त्रालय

**मुख्य- मुख्य आयोजना/कार्यक्रमको प्रगति विवरण** (बजेट वक्तव्यका वुँदाका आधारमा)

| आयोजना / कार्यक्रम | हालसम्मको उपलब्धि | कैफियत |
|---|---|---|
| विद्यालयमा स्वच्छ पिउनेपानी प्रवन्ध कार्यक्रम र शिक्षण र अनुगमनमा ICT को प्रयोगका लागि ब्यवस्थापन कार्यक्रम | २० वटा आधारभूत विद्यालयलाई स्वच्छ पिउनेपानी प्रबन्ध र ४/४ माध्यमिक विद्यालय/स्थानीय तह शिक्षण र अनुगमनमा ICT को प्रयोगका लागि ब्यवस्थापनका लागि मन्त्रालयबाट छनोट गरी कार्यान्वयनका लागि शिक्षा विकास निर्देशनालयलाई रकमान्तर गरिएको । | बजेट वक्तव्य बँदा नं. १०७ |
| लैङ्गिक शसक्तिकरण तथा मूल प्रवाहिकरण र दीर्घकालिन पुनःस्थापना गृह सञ्चालन सेवा कार्यक्रम | १४ वटा स्थानीय तहसँग विपन्न, दलित, आदिवासी/जनजाति र सिमान्तकृत महिलाहरूका आत्मनिर्भर कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको । | बँदा नं. ११९ |
| महिला बालबालिका ज्येष्ठ नागरिक तथा अपाङ्गता लक्षित कार्यक्रम | राष्ट्रिय अपाङ्ग महासंघ कोशी प्रदेश समिति मार्फत दोभाषेको व्यवस्था सहित अपाङ्गता सहायता कक्षको निरन्तरता तथा अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागि अनुदान प्रदान गरिएको ।१६ दिने लैङ्गिक हिँसा विरुद्धको अभियान कार्यक्रम सञ्चालन गरिएको । | बँदा नं. १२१ |
| औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम | आव २०८१/०८२ मा ११ शिक्षालय/विद्यालयमार्फत सञ्चालन भइरहेको । | बँदा नं. १०९ |

| | | |
|---|---|---|
| विभिन्न जातजातिका समाधिस्थल, कब्रस्थान र घाटहरूको निर्माण लागि स्थानीय तहको साझेदारीमा प्रस्तावमा आधारित अनुदान | विभिन्न १६ वटा संघ/संस्थाहरू छनोट गरी कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तारन्तर भएको । | बँदा नं. ११४ |
| माध्यमिक विद्यालयहरूलाई स्काउट विकासका लागि अनुदान | १७ वटा विद्यालयहरूलाघ छनोट गरी कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तारन्तरण भएको। | बँदा नं. ११४ |

## हालसम्मका प्रमुख उपलब्धिहरु

### विद्यालय शिक्षा तर्फ

- बालमैत्री विद्यालय विकासका लागि ४२ वटा आधारभूत विद्यालयलाई बालमैत्री विद्यालय कार्यक्रम व्यवस्थापनको लागि अनुदान प्रदान गरिएको।
- हिमाली तथा पहाडी जिल्लाका ४ वटा माध्यमिक विद्यालयहरूलाई शिक्षण सहजीकरणका लागि ICT व्यवस्थापन कार्यक्रम उपलब्ध गराइएको ।
- विद्यालयमा स्वच्छ पिउनेपानी व्यवस्थापनका लागि २० वटा सामुदायिक विद्यालयहरूलाई अनुदान प्रदान गरिएको ।
- स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यान्वयन सहजीकरणका लागि १३७ स्थानीय तहका शिक्षा तथा महिला विकास शाखाका अधिकृत/अन्य कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन सम्पन्न गरिएको ।

### प्राविधिक शिक्षा तर्फ

- प्रदेश स्काउटसँगको सहकार्यमा विद्यालय स्काउट विकास कार्यक्रम सञ्चालन, विद्यालय स्काउट र स्काउट शिक्षकका लागि BTC/PTC तालिम सञ्चालन देश भक्त र असल नागरिक निर्माणमा योगदान पुऱ्याइएको ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद CTEVT को स्वीकृत पाठ्यक्रम अनुसार परिषदसँगको समन्वय र सम्बन्धित उद्योगहरूसँगको सहकार्यमा २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रन्टिसीप तालिम) २०८१/०८२ को मंसिर महिनाबाट १३ वटा शिक्षालयहरू मार्फत ४०० जना निःशुल्क अध्ययनरत रहेका ।

### उच्च शिक्षा तर्फ

- ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालनसम्बन्धी निर्देशिका, २०७९ बमोजिम २१ वटा संस्थाहरूलाई भाषा शिक्षण तथा कोचिङ कक्षा सञ्चालन गर्न अनुमति प्रदान गरि राजश्व वृद्धि गरिएको ।
- उच्च शिक्षा तर्फ ९४ वटा सामुदायिक क्याम्पसको पूँजीगत सुधार र प्रशासकीय व्यवस्थापनमा सुधार भएको ।

### लैङ्गिकताका क्षेत्र तर्फ

- दीर्घकालीन पुनः स्थापना गृह (सेफ हाउस) मा आश्रित महिला तथा किशोरीहरूको अध्ययनलाई निरन्तरता दिन दुई जना प्रशिक्षक र एक जना मनोविमर्शकर्ता करारमा नियुक्ति गरिएको ।
- दीर्घकालीन पुनः स्थापना गृह (सेफ हाउस) मा ५ जना पीडितको संरक्षण गरिएको, ११ जनाको पुनःस्थापना गरिएको, ४ जना बालबालिकालाई संस्थागत स्याहारका लागी पठाइएको र ३ आश्रित बालबालिकाको संरक्षण भइरहेको ।

### ६.९ स्वास्थ्य मन्त्रालय

**विशेष अनुदानका आयोजनाको संक्षिप्त विवरण**

विशेष अनुदानतर्फ तपशिलका अस्पतालहरुको भवन निर्माण कार्य सम्बन्धित जिल्लाका शहरी विकास तथा भवन कार्यालयमार्फत संचालन भैरहेको।

१. जिल्ला अस्पताल ताप्लेजुङ्ग- तेस्रो वर्ष

२. जिल्ला अस्पताल धनकुटा –तेस्रो वर्ष

३. मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी- दोस्रो वर्ष

**हालसम्मका प्रमुख उपलब्धिहरु**

- उच्चस्तरीय अस्पताल सेवा सुधार अध्ययन कार्यदल गठन भई प्रदेशका १५ वटै अस्पतालहरुको विस्तृत अध्ययन गरी मन्त्रालयमा प्रारम्भिक प्रतिवेदन पेश भएको।
- गर्भवती तथा सुत्केरीका लागि अस्पतालहरुबाट निदानात्मक सेवा (प्रयोगशाला र भिडियो एक्स रे) र दश वर्षमुनिका लक्षित वर्गका बालबालिकाहरुको निःशूल्क उपचार सेवा प्रदेश मातहतका सवै अस्पतालहरु र दमक बाल अस्पतालबाट नियमित रुपमा सञ्चालन भइरहेको।
- मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा सि.टी. स्क्यान सेवा प्रारम्भ भएको।
- प्रादेशिक अस्पताल भद्रपुरको बहीरंग सेवा नयाँ अस्पताल भवनबाट संचालनमा आएको।
- जिल्ला अस्पताल सोलुखुम्बु र ओखलढुङ्गामा Electronic Medical Record (EMR) प्रणाली संचालन भएको।
- सवै अस्पतालहरुबाट विशेषज्ञ चिकित्सकीय सेवालाई प्रभावकारी रुपमा संचालन गर्न "विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यविधि २०८१" प्रदेश सरकार (मन्त्रिपरिषद्)को मिति २०८१/०९/१८ को निर्णयबमोजिम स्वीकृत गरी लागु गरिएको।
- विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१ प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/१०/१५ गतेको निर्णयानुसार स्वीकृत भइ

सो वमोजिम विद्यालय नर्सको छनौट प्रकृया स्वास्थ्य निर्देशनालय मार्फत सुरु गरिएको।

- वृद्धाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रममा आश्रित वृद्धवृद्धा तथा असहाय द्वन्द्व प्रभावित एवं एम्बुलेन्स चालक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका बीमाका लागि जिल्लास्थित स्वास्थ्य कार्यालयहरु र स्वास्थ्य निर्देशनालयबाट बीमा बोर्डसंगको सहकार्यमा कार्य भैरहेको।
- आयुर्वेद सेवा सुदृढीकरणकालागि अध्ययन कार्यदल गठन गरी कार्यदलले मन्त्रालयमा अन्तिम प्रतिवेदन पेश गरेको।सो अनुरुप कार्य योजना तयार गरी कार्यान्वयनको क्रममा रहेको।
- प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरबाट अन्तरंग सेवा सुरु गर्न अस्थाई दरबन्दी स्वीकृत गरी आवश्यक स्वास्थ्यकर्मी करार गरी सेवा प्रारम्भ भएको।
- प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रको परिसरमा प्राविधिक सहितको बायोमेडिकल औजार उपकरण मर्मत सम्भार इकाई Biomedical Workshop) संचालन गरी सो मार्फत मेडिकल औजार उपकरणको नियमित मर्मत तथा लेखाजोखाको कार्य भैरहेको।
- मन्त्रालय परिसरभित्र २४सै घण्टा सेवा प्रदान गर्ने गरी १०२ हटलाईन नम्बर सहितको प्रादेशिक प्रेषण केन्द्र संचालनमा रहेको।

# परिच्छेद- सात
# मुख्य समस्या एवम् आगामी दिनमा गर्नुपर्ने कार्यहरु

## ७.१ बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु

- पूर्व तयारी पूरा नभएका र गृहकार्य बिना आयोजना/कार्यक्रम बजेटमा समावेश हुनु,
- बहुवर्षीय दायित्व सिर्जना भएका आयोजनामा पर्याप्त विनियोजन नभएको र नयाँ आयोजनामा बढी विनियोजन हुने गरेको।
- संघ समानीकरण अनुदान कटौती भएको र चालु आ.व.मा समेत कटौती हुने देखिएको।
- बजेट रकमान्तर तथा कार्यक्रम संशोधनको माग अत्यधिक हुने गरेको।
- पुनःनिर्माण कोषमा स्रोत व्यवस्थापन गर्नुपर्दा बजेटमा अतिरिक्त चाप परेको।
- कार्यक्रम, गोष्ठी, प्रशासनिक खर्च लगायत चालु खर्चमा मितव्यीता हुन नसकेको।
- राजस्व सङ्कलन सम्बन्धी पर्याप्त कार्य हुन नसकेको।
- बजेट कार्यान्वयनमा अनुशासनको कमी र कानूनको परिपालना नभएको:-
- तोकिएको समयमा बजेट समर्पण नहुने।
- दोहोरिएका आयोजनाको बजेट समर्पण गर्न पत्राचार गर्दा पनि प्राप्त नभएको।
- सालबसाली आयोजनाको भुक्तानी बाँकी रहेको देखिएको।
- अवण्डामा बजेट राखी वर्षैभरी बाँडफाँट हुने प्रवृत्ति देखिएको।
- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बिना गैरबजेटरी सालबसाली तथा बहुवर्षीय दायित्व सृजना हुने गरेको।
- आयोजना तथा कार्यक्रम कार्यान्वयनको प्रगति विवरण समयमा प्राप्त नभएको।
- सरकारी जग्गा र सम्पत्तिको अभिलेख तथा व्यवस्थापन प्रभावकारी नभएको।
- लेखा समूहको दरबन्दीमा आवश्यक पुनरावलोकन र प्रदेश किताबखाताबाट पद दर्ता नहुँदा पदपूर्ति हुन नसकेकोले बजेट कार्यान्वयनमा समस्या देखिएको।
- आय प्राप्ति अनुसार खर्च गर्ने र सञ्चित कोष सन्तुलन मिलाउने विषय चुनौतीपूर्ण रहेको।
- स्रोत सहमति नभई बहुवर्षीय ठेक्का लगाइएकोमा थप बजेट माग हुने गरेको।
- प्रोत्साहन भत्ताको माग अत्यधिक हुने गरेको।
- संघ सशर्त, समपूरक र विशेष अनुदानको खर्च नभई धेरै रकम फिर्ता हुँदा बजेट व्यवस्थापनमा थप चाप परेको।
- LMBIS र PLMBIS को स्रोत, क्रियाकलाप संकेत र त्रैमासिक विभाजनमा एकरुपता नहुँदा सशर्त अनुदान तथा वैदेशिक स्रोतको खर्च, फुकुवा र फिर्तामा समस्या भएको।
- लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन र बेरुजु फस्यौंट प्रभावकारी हुन नसकेको।
- कुनै कार्यमा विनियोजित बजेटको मिल्दो शीर्षकबाट खर्च गर्न सकिने अवस्था हुँदाहुँदै थप बजेटका लागि माग हुने गरेको।
- प्रदेशका मन्त्रालय/कार्यालयहरुबाटै हुने कार्यको लागि पनि छुट्टै स्वायत्त संस्था वा निकाय वा संरचना स्थापना गर्ने प्रवृत्ति।
- प्रदेश अन्तर्गतका जनशक्तिबाट सम्पादन हुनसक्ने कार्यको लागि सेवा परामर्शमा बजेट विनियोजन तथा खर्च हुने गरेको।
- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणाली व्यवस्थित नभएको र आयोजना बैंक प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको।
- सवारी साधन उपयोगको प्रभावकारी व्यवस्थापन हुन नसकेको।

➢ प्रदेश सरकारको सम्पत्तिको अभिलेख र व्यवस्थापन प्रभावकारी हुन नसकेको आदि।

## ७.२ बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्यहरु

### ७.२.१ आगामी बजेट तर्जुमा सम्बन्धमा गर्नुपर्ने कार्यहरु

- प्रदेशको, आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचना बनाई बजेट तथा कार्यक्रम तर्जुमाको कार्यलाई प्रभावकारी बनाउने।
- दिगो विकास लक्ष्य लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता, राष्ट्रिय लक्ष्य तथा दीर्घकालिन सोच, राज्यका नीतिहरु तथा मौलिक हकको कार्यान्वयमा प्रदेशको कार्यक्षेत्र अनुसार कार्यक्रम तर्जुमा गर्नुपर्ने।
- आवश्यकता, औचित्य, क्षेत्रीय र भौगोलिक सन्तुलन, प्राथमिकीकरणको आधारमा व्यवस्थित आयोजना छनौट प्रणाली लागू गर्ने।
- नेपाल सरकारबाट स्वीकृत विकास आयोजनाको वर्गीकरण मापदण्ड, २०८० अनुसार प्रदेशस्तरका आयोजना मात्र प्रदेश सरकार अन्तर्गतका निकायले सञ्चालन गर्नुपर्ने।
- प्रदेशको सीमित स्रोत र प्रतिबद्ध दायित्व अत्यधिक रहेको विद्यमान परिस्थतिमा प्रदेशको कार्यक्षेत्र भित्र सीमित भएर आयोजना/कार्यक्रम छनौट/स्वीकृत एवम् कार्यान्वयन गर्ने।
- प्रदेशको स्रोतले प्रदेशको कार्यक्षेत्र भित्र र सिर्जित दायित्व भुक्तानीमा स्रोतले धान्न नसक्ने अवस्थामा संघले खर्च व्यहोर्ने क्षेत्रमा बजेट विनियोजन नगर्ने।
- संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुमा दोहोरोपना हटाउन पर्याप्त समन्वय गर्ने।
- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणालीलाई व्यवस्थित र सहभागितामूलक जिल्ला/निर्वाचनक्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गर्ने।
- स्रोत सहमति भएका र बहुवर्षीय ठेक्का लागेका आयोजनाको लागि सिलिङ छुट्याउने। (PLMBIS मा Year Mark गर्ने)
- आयोजना छनौटलाई व्यवस्थित बनाउन आयोजना बैंकमा रहेका आयोजनाहरुको पूर्वतयारी गरेर मात्र बजेटमा समावेश हुने व्यवस्थालाई अनिवार्य पालना गर्नुपर्ने।
- पर्यटन विकास आयोजना र संस्कृति तर्फका आयोजना छुट्याउनु पर्ने। पर्यटकीय सम्भावनाका क्षेत्रमा वातावरणीय र पुरातात्विक अध्ययन गरेर मात्र प्रदेश सरकारले लगानी गर्नुपर्ने।
- धार्मिक, सांस्कृतिक पुरातात्विक क्षेत्रका आयोजना/कार्यक्रममा प्रदेश सरकारले केही लागत साझेदारी गर्न सकिने वा अनुदान दिन उपुयक्त हुने।
- स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरणको स्पष्ट आधार तथा मापदण्ड बनाउनु पर्ने।
- डि.पि.आर गर्नुपर्ने जति सबै आयोजनाको लागि सम्बन्धित मन्त्रालयमा बजेट राखेर ठेक्का लगाउनु पर्ने।
- प्रदेशका सरकारी भवन निर्माण र मर्मत सम्भारका सबै कार्य शहरी विकास कार्यालय मार्फत गर्ने गरी बजेट तर्जुमा गर्ने।
- सामुदायिक भवन निर्माण, पार्क, भ्यूटावर, रिफ्रेशमेन्ट सेन्टर जस्ता आयोजनालाई समुदाय र निजीक्षेत्रसँगको साझेदारीमा गरी राजस्वको थप स्रोत सृजना गर्ने।

- संघ समपूरक र विशेष अनुदान माग गर्दा पुरानो दायित्व धेरै भएका आयोजनालाई प्राथमिकता दिनुपर्ने। प्रदेशको आवश्यकता र प्राथमिकता अनुसार संघ सशर्त अनुदान प्राप्त हुनुपर्ने।
- विकास समिति, बोर्ड लगायतका निकायको र सबै सरकारी कोषको व्यय अनुमानलाई प्रदेशको बजेटमा आवद्ध गर्नुपर्ने।
- चालु तथा प्रशासनिक खर्च, कार्यक्रम, गोष्ठीमा बजेट विनियोजन गर्न स्पष्ट मापदण्ड बनाउनुपर्ने।
- रकमान्तर तथा कार्यक्रम संशोधन गर्न नपर्ने गरी मन्त्रालयहरुले पर्याप्त गृहकार्य गरेर बजेट प्रस्ताव गर्नुपर्ने।
- संघ सशर्त, समपूरक र विशेष अनुदानको आयोजना तथा कार्यक्रमहरु प्रदेशलाई वैशाख मसान्तभित्र प्राप्त गर्न पहल गर्नुपर्ने।

### ७.२.२ बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आगामी दिनमा गर्नुपर्ने कार्यहरु

- खर्च नहुने रकम, बाँडफाँट हुन बाँकी एकमुष्ट विनियोजित रकम अन्यत्र खर्च नगरी बहुवर्षीय वा क्रमागत आयोजनामा प्राथमिकता दिने।
- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको बाँकी भुक्तानी व्यवस्थापनमा केन्द्रीत भएर बजेट कार्यान्वयन गर्ने गराउने।
- प्रदेशको स्रोत र दायित्व श्रृजनाको विश्लेषण तथा स्रोत सुनिश्चितता नगरी बहुवर्षीय खरिद प्रक्रिया अगाडि नबढाउने।
- सार्वजनिक खर्चमा मितव्ययिता अबलम्बन गरी अनावश्यक खर्चहरु कटौती गर्ने।
- आयोजना/कार्यक्रम जेष्ठ मसान्तसम्ममा सम्पन्न हुने गरी कार्यान्वयन गर्ने।
- बहुवर्षीय आयोजनाको बाँकी दायित्व भुक्तानीमा स्रोत व्यस्थापन गर्न पहिलो प्राथमिकता दिनुपर्ने।
- हालसम्म कार्यान्वयन प्रकृयामा नगएका आयोजनाहरु स्थगित गर्नुपर्ने।
- अनिवार्य दायित्व बाहेक प्रशासनिक तथा कार्यक्रम खर्च, पूँजीगत तर्फ मेशिनरी, फर्निचर, पूँजीगत परामर्श, पूँजीगत सुधार र मर्मतसम्भार शीर्षकमा खर्च भएर बाँकी रकमको २५ प्रतिशत कटौती गर्नुपर्ने।
- चालू आव २०८१/८२ को हकमा तत्काल खर्च नहुने तथा न्यून प्राथमिकताका आयोजनामा विनियोजित रकमबाट रकमान्तर गरी प्राथमिकताप्राप्त आयोजनामा स्रोत व्यवस्थापन गर्ने।
- खर्च नहुने बजेट चैत्र १५ गतेभित्र अनिवार्य रुपमा समर्पण गर्नुपर्ने।
- स्वीकृत बजेट तथा कार्यक्रमको उद्देश्य फरक हुनेगरी आयोजना कार्यक्रम संशोधन तथा रकमान्तर नगर्ने।
- बहुवर्षीय स्वीकृत प्राप्त आयोजनामा बाहेक चालु आर्थिक वर्षको दायित्व आगामी वर्षमा नसार्ने गरी भुक्तानी व्यवस्था गर्नुपर्ने।
- आर्थिक मामिला तथा योजना मन्त्रायको सहमति बिना थप दायित्व सिर्जना नगर्ने।

### ७.२.३ स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्यहरु

- प्रदेशको आन्तरिक आयको क्षेत्र पहिचान गरी आय स्रोत बढाउने तर्फ सक्रियता हुनुपर्ने।
- राजस्व सङ्कलनको समीक्षा, कानूनी व्यवस्थाको पूर्ण पालना र संघीय निकायसँग समन्वय गर्नुपर्ने।
- वित्तीय समानीकरण अनुदान कटौती नगर्न नेपाल सरकारसँग अनुरोध गर्नुपर्ने।
- संघ वित्तीय समानीकरण अनुदानको रकम र राजस्व बाडफाँटको हिस्सा बढाउन संघसँग पहल गर्नुपर्ने।
- संघ सशर्त अनुदानमा समावेश भएको वैदेशिक सहायताको निकासा वा शोधभर्ना समयमा गर्ने वातावरण बनाउने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्कको लागि कारोवार मूल्यको आधारमा संकलन गर्न नीतिगत व्यवस्था गर्ने।
- प्राकृतिक स्रोत संकलन तथा विक्रि शुल्कमा नीतिगत एवम् कानूनी सुधार गरी एकरुपता कायम गर्ने।
- मनोरञ्जन कर, विज्ञापन करको दायरा विस्तार गर्ने।
- वन पैदावर बिक्रि शुल्क र पर्यटन शुल्कमा विविधिकरण गर्ने।
- कृषि आयमा लाग्ने करको अध्ययन गर्नुपर्ने।
- प्रदेशको आन्तरिक राजस्व सीमित भएको र खर्चको आवश्यकता बढिरहेको अवस्थामा प्रदेशलाई दिने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउन पहल गर्नुपर्ने।
- स्थानीय तह र राजस्व संकलन गर्ने सरकारी कार्यालयको राजस्वको तथ्यांक अद्यावधिक र नियमन गर्ने प्रणालीको व्यवस्थापन गर्ने।
- प्रदेशमा पहिचानमा रहेका पर्यटकीय स्थलहरुमा आन्तरिक तथा वाह्य पर्यटन विकास र पर्यटन तथा पदयात्रा शुल्क संकलनका लागि स्थानीय तहसँग साझेदारी गर्ने।
- राजस्व चुहावट नियन्त्रणमा प्रदेशको कार्य तथा भूमिका तय हुनुपर्ने।

### ७.२.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालनाका लागि गर्नुपर्ने कार्यहरु

- आर्थिक कार्यविधि सम्बन्धी कानूनको पूर्ण पालना गरी वित्तीय अनुशासन कायम गर्ने।
- अति आवश्यकमा बाहेक रकमान्तर तथा कार्यक्रम संशोधनको कार्य नगर्ने।
- विनियोजित बजेट भन्दा बढीको र स्वीकृत कार्यक्रम भन्दा बाहेकको खरिद प्रक्रिया अगाडि नबढाउने।
- आर्थिक दायित्व हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपमा लिने।
- विनियोजन भन्दा बाहेक र यस मन्त्रालयको सहमति बिना दायित्व सृजना हुने गरी खर्चको प्रतिवद्धता नजनाउने वा सम्झौता नगर्ने।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रभावकारी बनाई वित्तीय अनुशासनलाई सबल बनाउने।

- As Built Drawing पेश भएपछि, नापी किताब प्रमाणित गरेर, खरिद तथा निर्माणको गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी दिने।
- आम्दानी, खर्च, अनुदानको विवरण मासिक रुपमा सार्वजनिक गर्ने।
- अनुदान सहायता र मागमा आधारित कार्यक्रमलाई कार्यविधि स्वीकृत गराई खुला रुपमा सूचना आह्वान गरी कार्यान्वयन गर्ने।
- विनियोजन ऐन र बजेट कार्यान्वयनका लागि जारी भएको मार्गदर्शनको परिपालना गर्ने।
- बजेट कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन गर्ने।
- मासिक/त्रैमासिक रुपमा मन्त्रालय र मातहतको प्रगति समीक्षा गर्ने।
- तोकिएको समय (चैत्र १५ भित्र) मा खर्च नहुने सम्पूर्ण बजेट समर्पण गर्ने।
- आयोजनाको निर्माण कार्य जेठ मसान्तसम्म हुने गरी खरिद योजना कार्यान्वयनमा जोड दिने।
- प्रगति समीक्षामा तथा बेला बेला भएका निर्देशन तथा परिपत्रको कार्यान्वयन गर्ने गराउने आदि।
- कार्यक्रम तथा परियोजना कार्यान्वयनको भौतिक र वित्तीय प्रगतिको रिपोर्टिङलाई यथार्थ परक बनाउने।
- गैर बजेटरी खर्च गर्नै प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- बेरुजु न्यूनीकरण गर्ने, सो को लगत राख्ने, फस्यौंट तथा असुल उपर सम्बन्धी कार्य गर्ने गराउने।
- उच्च पदाधिकारीहरुसँग भएको कार्य सम्पादन सम्झौता अनुसार कार्य भए नभएको समीक्षा/मूल्याङ्कन गर्ने ।
- आयोजनाको गुणस्तर परीक्षण गर्ने प्रणाली स्थापित गरि प्रभावकारीरूपमा कार्यान्वयन गर्ने ।
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति, अनुगमन तथा मूल्याङ्कन एकाई, शासकीय सुधार एकाईको बैठक नियमित रुपमा बसी बजेट कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कनको कार्यलाई प्राथमिकता दिनुपर्ने।

### ७.२.५ सार्वजनिक खर्चलाई मितव्ययीता र प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरु

- कार्यालय र दरबन्दी संख्यालाई छरितो बनाउन र सूचना प्रवधिको प्रयोग गरी समय/लागत घटाउन पहल गर्नुपर्ने।
- प्रदेशको चालु तथा प्रशासनिक खर्च वृद्धि भईरहेको हुँदा मन्त्रालय एवम् कार्यालयहरुबाट सम्पादन हुन सक्ने कार्यको लागि छुट्टै स्वायत्त संस्था, बोर्ड, आयोग, समिति गठन वा अन्य कुनै संरचना स्थापना नगर्ने।
- नयाँ कार्यालय स्थापना वा दरबन्दी थप गर्दा वित्तीय दायित्वको पर्याप्त अध्ययन गरेर मात्र हुनुपर्ने।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा खर्च नगर्ने।
- क्षेत्रगत कार्यक्रम कार्यान्वयनको लागी विषयगत मन्त्रालयहरुसँगको समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने

- अनुगमन र मुल्याङ्कनलाई विकास मापनको प्राथमिकतामा राखी अनुगमन संयन्त्रको विकास गरी नियमित र प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने।
- मातहतका कार्यलय नभएका र प्राविधिक जनशक्ति आवश्यक पर्ने मन्त्रालय/निकायको कार्यक्रम प्रभावकारी कार्यान्वयका लागि अन्तर निकाय समन्वय गर्नुपर्ने।
- सवारी साधन, फर्निचर र मेशिनरी औजारमा अति आवश्यक बाहेकमा खरिद नगर्ने।
- पुराना सवारी साधन, मेशिनरी, फर्निचर लगायतका सामाग्रीको लिलाम प्रक्रिया अगाडि बढाउने।
- सूचना प्रणालीको प्रयोग, तथ्याङ्क सङ्कलन तथा अद्यावधिक र अभिलेख व्यवस्थित गर्ने।
- बहुवर्षीय आयोजना, संघ अनुदानका आयोजना/कार्यक्रम कार्यान्वयनको प्रगतिको अभिलेख मासिक रुपमा अद्यावधिक गर्नुपर्ने।

# अनुसूची -१
## २०८१ पौष मसान्तसम्मको मन्त्रालयगत चालु र पूँजीगत खर्चको विवरण

आ.व.२०८१/८२ (रकम रु.लाखमा)

| मन्त्रालय/निकाय | बजेट | | | निकासा /खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | |
| कोशी प्रदेश सभा | २४०४ | ५३ | २४५८ | ९०१ | २ | ९०३ | ३६.८ |
| प्रदेश लोक सेवा आयोग | ८८२ | ८३ | ९६५ | ३९० | ६६ | ४५६ | ४७.२ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २०९ | ४ | २१३ | ९८ | २ | ९९ | ४६.७ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३३६५ | ३९६ | ३७६१ | ९१६ | ४१ | ९५८ | २५.५ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५११३ | २१२ | ३५३२५ | २००८५ | १४२ | २०२२७ | ५७.३ |
| उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १८५७८ | २४४६ | २१०२४ | ३५०७ | ७१३ | ४२२० | २०.१ |
| खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५४१५ | ३८००० | ४३४१५ | १७४४ | ६६२० | ८३६४ | १९.३ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५८२१ | ७३७९ | १३२०१ | १४२६ | ६० | १४८७ | ११.३ |
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | १३५०८ | १०३१४ | २३८२२ | ४१२७ | १०५३ | ५१८० | २१.८ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ४५९० | ९९३६१ | १०३९५२ | ११८० | १६५७७ | १७७५७ | १७.१ |
| सामाजिक विकास मन्त्रालय | १११४२ | १४९१ | १२६३२ | २४५४ | ७५ | २५२९ | २०.० |
| स्वास्थ्य मन्त्रालय | २९१३५ | ४६४० | ३३७७५ | ७८९४ | २३० | ८१२४ | २४.१ |
| प्रदेश योजना आयोग | ५०३ | १५ | ५१८ | १२२ | ३ | १२५ | २४.१ |
| अर्थ - विविध | १०३३७ | १०५० | ११३८७ | | | | - |
| स्थानीय तह | ४६३४५ | ० | ४६३४५ | १७२५२ | - | १७२५२ | ३७.२ |
| जम्मा | १८७३४९ | १६५४४४ | ३५२७९३ | ६२०९७ | २५५८५ | ८७६८२ | २४.९ |

# अनुसूची -२

## संघ समपूरक, विशेष र सशर्त अनुदान खर्चको स्थिति

रकम रु.लाखमा

| क.सं. | मन्त्रालय | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|
| | | बजेट | पुषसम्मको खर्च | प्रगति |
| (क) | समपूरक अनुदान- भौतिक पूर्वाधार विकास मन्त्रालय | ६५५० | १६६० | २५% |
| (ख) | विशेष अनुदान जम्मा | ७८०१ | ११७४ | १५% |
| १. | उद्योग कृषि तथा सहकारी मन्त्रालय (घरेलु उद्यमीलाई प्रविधि हस्तान्तरण) | ८६५ | ५८ | ७% |
| २. | खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय (खानेपानी आयोजना) | २००० | ६०८ | ३०% |
| ३. | भौतिक पूर्वाधार विकास मन्त्रालय (अस्पतालहरुको भवन निर्माण) | ४१३६ | ३०९ | ७% |
| ४. | सामाजिक विकास मन्त्रालय (मनमोहन प्रा. विश्वविद्यालयको भवन निर्माण) | ८०० | २०० | २५% |
| (ग) | सशर्त अनुदान जम्मा | ४१६४३ | ७९२५ | १९% |
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (PLGSP) | १४३९ | २६ | २% |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय (उदय परियोजना) | १४५२ | ० | - |
| ३. | उद्योग कृषि तथा सहकारी मन्त्रालय | २३५० | १६१ | ७% |
| ४. | खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय | ४०८७ | ७७७ | १९% |
| ५. | पर्यटन वन तथा वातावरण मन्त्रालय | ४३१२ | ६४६ | १५% |
| ६. | भौतिक पूर्वाधार विकास मन्त्रालय (RCIP समेत) | ११९१० | २५०२ | २१% |
| ७. | सामाजिक विकास मन्त्रालय | ६११९ | १३३० | २२% |
| ८. | स्वास्थ्य मन्त्रालय | ९९७५ | २४८४ | २५% |
| | तीन वटा अनुदानको जम्मा (क+ख+ग) | ५५९९४ | १०७६० | १९% |